# बुटवल उपमहानगरपालिकाको रोजगार रणनीतिक योजना

## २०८१

(आ.ब. २०८०/०८१ – २०८४/०८५ सम्म)

बुटवल उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय,
बुटवल, रुपन्देही

मिति २०८१/०८/०५ मा बसेको नगरकार्यपालिकाको पाँचौ बैठकको निर्णय नं. ५.२ बाट स्वीकृत भएको ।



Scanned with CamScanner

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

# खण्ड-१ रणनैतिक सन्दर्भ *(strategic context)*

## १. पृष्ठभूमि

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र रोजगारीको अवसर सिर्जना गरी बढ्दो बेरोजगारी र गरिवीलाई न्यूनीकरण गर्न नेपालको सवैधानिक र कानूनी व्यवस्था भए बमोजिम प्रत्येक नागरिकलाई रोजगारीको हकको सुनिश्चितताले नागरिकलाई स्वदेशमै रोजगारीमा संलग्न गराउन तिनै तहका अन्तर्गतका सरकारहरु रोजगार तर्फ केन्द्रित रहेका छन्। आर्थिक वृध्दि र गरिवी न्यूनीकरणको आधार नै उत्पादनशील रोजगारी हो । नागरिकलाई न्यूनतम रोजगारीको हक सुनिश्चित गर्न, उत्पादनशिल रोजगारी र विकास पूर्वाधारका क्षेत्रमा नेपालको श्रमशक्तिलाई प्रतिस्पर्धी एवम् सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सवल र गतिशिल बनाई रोजगारीको हकलाई व्यवहारिक कार्यान्वयन गर्न जरूरी छ । तसर्थ स्थानीय तहमा रहेको श्रोत साधन प्रयोग गरी रोजगारीका राष्ट्रिय प्राथमिकता र दीर्घकालीन दृष्टिकोण प्राप्तिमा केन्द्रित हुनु पर्ने अवस्था आएको छ । सबैधानिक व्यवस्था र कानूनी प्रावधान तथा संघ, प्रदेश र स्थानीय तहले तर्जुमा गरेका रोजगारी सम्बन्धी नीति, नियम, कार्यविधिलाई आम नागरिकको जीवनयापनमा सकारात्मक रुपान्तरण ल्याउन बुटवल उपमहानगरपालिकाको रोजगार रणनीति आवश्यक रहेको छ । श्रोत साधनको समुचित र एकीकृत प्रयोग गरी बुटवल उपमहानगरपालिकामा आन्तरिक रोजगारी सिर्जना गर्न सहयोग पुग्ने र जसबाट न्यूनतम रोजगारीका कार्यक्रम,उधमशीलता तालिम,व्यावसायिक सीप विकास, सीपयुक्त जनशक्ति परिचालन गर्ने वस्तुगत आधार तयार हुन्छ ।

नेपाल सरकारको रोजगार नीति,२०७१ ले नेपालमा उपलव्ध श्रम शक्तिलाई प्रतिस्पर्धी वनाउदै श्रम बजारको माध्यमबाट उत्पादनशील, मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सवल र गतिशिल बनाई गरिवी निवारणमा योगदान पुर्याउनु नीतिको दूरदृष्टि रहेको छ । उक्त दूरदृष्टि वमोजिम प्रमुख उदेश्यहरु र विययवस्तुलाई आत्मसाथ गरी बुटवल उपमहानगरपालिकाले आगामी ५ वर्षे रोजगार रणनीति मार्गदर्शन तय गरेको छ।

प्रमुख प्रशासकीय अधिकृत

## श्रम तथा रोजगारी

१. बेरोजगार युवाहरूलाई विभिन्न सीपयुक्त तालिम मार्फत् स्वरोजगारी तथा रोजगारीमा संलग्न गराउन उत्प्रेरित गरिने छ ।

२. परम्परागत सीप प्रवर्धन मार्फत रोजगारी सृजना गर्ने, उद्यमी बन्नलाई उत्प्रेरित गरिने छ ।

३. रोजगारदाता तथा रोजगारको खोजीमा रहेका युवाहरूको वीचमा हाल रहेका खाडललाई हटाई दुइटै पक्षको वीचमा समन्वय तथा सामन्जस्यता स्थापित गरी रोजगारीको संख्या बृद्धि गर्ने र श्रमलाई मर्यादित बनाउन विभिन्न आवश्यक चाहिने तथ्याकंको सूची तैयार गरिनेछ ।

४. सुरक्षित र मर्यादित वैदेशिक रोजगारमा जान इच्छुक व्यक्तिहरुका लागि सचेतना कार्यक्रम संचालन गरिनेछ ।

५. रोजगार सेवा केन्द्रलाई थप सुदृढीकरण गरी श्रम बैंकको रुपमा स्थापित गरिनेछ ।

६. रिर्टनी माइग्रेन्टको तथ्याकं अधावधिक गरी व्यवस्थित गरिनेछ ।

७. विद्यार्थीहरूलाई रोजगारका अवसरहरू र आवश्यक सीपहरूको बारेमा जानकारी प्रदान गरिनेछ।

८. प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिताका लागि साझेदारी गरिनेछ ।

९. वैदेशिक रोजगारीवाट फिर्ता आएका श्रमिकहरुको सीप पहिचान गरी स्वरोजगारमूलक कार्यमा संलग्न गराउन पहल गरिनेछ साथै रोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहन गरिनेछ ।

१०. वालश्रम उन्मूलनका लागि विद्यालय र वडास्तरमा जनचेतना फैलाउने, शिक्षा प्रवर्द्धन गर्ने, र वाल वालिकाका अधिकार सुनिश्चित गर्ने कार्यक्रमहरू सञ्चालन गरिने छन्।

११. औपचारिक तथा अनौपचारिक क्षेत्रका श्रमिक तथा रोजगारदाताहरूको तथ्याकं संकलन गरी रोजगारी पदस्थापनमा सहयोग गरिनेछ ।

## व्यवसायिक सीप विकास र तालिम

- सबै इच्छुक नागरिकलाई आवश्यक व्यावसायिक सीपमा अभिवृद्धि गरी आन्तरिक रोजगारीको माग र आपुर्तिमा अन्तर सम्वन्ध कायम गरी आवश्यक पर्ने दक्ष जनशक्ति तयारी गर्ने र त्यस्ता

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

जनशक्तिको उपयोग गरी आन्तरिक रोजगारी सृजना गर्ने एवंम बैदेशिक रोजगारी मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउने ।

- अनौपचारिक क्षेत्रमा सीप सिकेकालाई सीपको पहिचान गरी सीप परीक्षण गराई सीपयुक्त प्रमाणपत्रका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ।
- बजारको माग र जनशक्ति आपुर्तिमा आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने सीप विकासका कार्यक्रम संचालन गरिनेछ ।

## निर्माण क्षेत्र

- पूर्वाधार क्षेत्रमा दक्ष जनशक्ति उपलब्ध गराउन सो सम्बन्धमा आवश्यक तालिम दिई जनशक्ति उपलब्ध हुने वातावरण बनाइनेछ ।
- सामुदायिक विकास आयोजनामा दीगो रोजगारीका अवसर सृजना गर्न सीप विकास कार्यक्रम तर्जुमा गरिनेछ ।
- स्थानीय पूर्वाधार विकासमा संलग्न श्रमिकको आयश्रोत र गुणस्तरमा सुधार हुने वातावरण तयार गरिनेछ।

## अन्य क्षेत्र

- रोजगारी सृजनाका गतिविधिले बुटवल उपमहानगरपालिकाको सामाजिक र आर्थिक उन्नतिमा सकारात्मक प्रभाव पर्न गई दीगो आर्थिक विकास र रोजगारीको सुनिश्चतताका साथै सामाजिक र आर्थिक विकासमा सहयोग पुग्न सक्नेछ ।
- "श्रमको सम्मान राष्ट्रको अभियान" नारालाई जनस्तरमा सकारात्मक सन्देश प्रवाह गरी आय आर्जन हुने कार्य गर्न उत्प्रेरित गरिनेछ।
- आन्तरिक रोजगारी मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याइनेछ।
- स्थानीयस्तरमै न्यूनतम रोजगारीको अवसर सृजना गरी नागरिकको जीवनयापन सुधार गर्न बैदेशिक रोजगारीमा जानुपर्ने अवस्थामा सुधार ल्याइनेछ ।
- वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई उपयुक्त सीप उपलव्ध गराएमा वैदेशिक रोजगारीवाट राम्रो पारिश्रमिक पाउने हुँदा जीवनयापनमा सहजता आउनेछ।
- रोजगारीलाई उत्पादनमा केन्द्रित हुने योजना बनाइने छ र उत्पादन भएका वस्तुको वजारीकरण, व्यवस्थापन गरी थप रोजगारी सृर्जना गर्न विशेष पहल गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

- विकासका पूर्वाधारमा दक्ष र सीपमूलक जनशक्ति प्रयोग गर्दा दैनिक ज्यालादरमा बृद्धि हुने हुदाँ दैनिक जीवनयापनमा मदत पुग्नेछ।
- विपन्न, न्यूनआय श्रोत भएका व्यक्तिलाई पहिलो प्राथमिकतामा रही अवसर पाउने हुँदा सामाजिक रुपमा उच्च सम्मान हुनेछ ।

## कृषि क्षेत्रमा दीगो उत्पादनशील रोजगारी

- सिंचाई, कृषि सामग्री,आधुनिक प्रविधि, मल र बजारीकरणमा समन्वय गरी न्यूनतम रोजगारीको सुनिश्चित गर्न कृषिमा दीगो उत्पादनशील रोजगारीमा जोड दिइनेछ । यसका लागि उपमहानगरपालिकाको कृषि भुयोग्य जमिनको उपयोग गर्ने तौरतरिका, उत्पादन र बजारीकरणमा समन्वय गरिनेछ ।
- १०० दिनको रोजगारी प्राप्तिका लागि उत्पादन गर्न सक्ने मौसमी, वेमौसमी तरकारी, प्रमुख अन्नवाली, नगदे वाली उत्पादन हुने क्षेत्रको पहिचान गरी रोजगारी सृजनामा जोड दिइनेछ ।

## विधमान नीतिगत तथा कानूनी व्यवस्था

- संविधानको धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रमको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएकोछ ।
- धारा ३३ मा प्रत्येक नागरिकलाई रोजगारीको छनौटको अवसर सहितको रोजगारीको हक हुने कुरा उल्लेख गरिएकोछ ।
- धारा ३४ मा प्रत्येक नागरिकलाई उचित श्रम अभ्यासको हक, उचित पारिश्रमिक,सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक गरिएकोछ ।
- धारा ४३ मा सामाजिक सुरक्षाको हकमा आर्थिक रुपले विपन्न,अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपाङ्गता भएका, वालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून वमोजिम सामाजिक सुरक्षाको हक हुने उल्लेख गरिएकोछ ।



Scanned with CamScanner

- सविधानको धारा ५१ (झ) मा श्रम तथा रोजगार सम्बन्धी नीतिले सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक,आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमै रोजगारी अभिबृद्धि गर्ने, मर्यादित श्रमको अवधारणाअनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै व्यवस्थापनमा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने साथै बैदेशिक रोजगारीबाट आर्जन भएको पूंजी, सीप, प्रविधि, अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति रहेको उल्लेख गरिएको छ ।
- नेपालको संविधानको धारा ५१(ञ) सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिमा राज्यले असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र, समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

## कानूनी तथा नीतिगत व्यवस्था

- राष्ट्रिय रोजगार नीति, २०७२
- रोजगारीको हक ऐन,२०७५ नियमावली, २०७५ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५
- राष्ट्रिय रोजगार नीति, २०७२
- श्रमको सम्मान राष्ट्रको अभियान सम्वन्धी रणनीति, २०७८
- एकीकृत श्रम तथा  रोजगार सेवा (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८०
- श्रम मन्त्रालयको ५ वर्षे रोजगार रणनीति योजना,
- १५औ पञ्चवर्षिय योजना,
- सरकारका नीति तथा कार्यक्रम,
- बुटवल उपमहानगरपालिकाको आवधिक योजना,
- बुटवल उपमहानगरपालिकाका नीति तथा कार्यक्रम,



Scanned with CamScanner

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

- बुटवल उपमहानगरपालिकाको श्रम बैंक सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९
- बुटवल उपमहानगरपालिकाको सुरक्षित अप्रवासन सम्वन्धी कार्यविधि ।

## २. रोजगार रणनीतिको आवश्यकता र औचित्य

बुटवल उपमहानगरपालिका क्षेत्रभित्र बढ्दो रुपमा रहेको वेरोजगारीको समस्याको समाधानका लागि आन्तरिक रोजगारीका अवसर सिर्जना गरी वाध्यात्मक वैदेशिक रोजगारीलाई निरुत्साहित गर्ने तथा रोजगारीका पर्याप्त अवसर सृजना नहुँदा वर्षेनी ठूलो संख्यामा युवाशक्ति रोजगारका लागि विदेशिनु पर्ने अवस्थालाई ध्यानमा राखी संविधानमै रोजगारीको हकको व्यवस्था राखी त्यसलाई कार्यान्वयन गर्ने विभिन्न नीति, ऐन, र कानूनहरु कार्यान्वयनमा रहेका छन्। संविधान, ऐन तथा कानूनले निर्दिष्ट गरेका व्यवस्थालाई नागरिकको जीवनस्तरमा सुधार गर्न तय गरिएका कार्यक्रमलाई अपेक्षित प्रभावकारी बनाउन आवश्यक छ।बुटवल उपमहानगरपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम विगत ५ वर्ष देखि कार्यान्वयनमा रहेको छ । त्यस्तै रोजगारी सिर्जना हुने अन्य कार्यक्रम पनि रहेका छन तर स्थानीय तहमा श्रोत साधनलाई एकीकृत गरी परिचालन गरिएमा नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न सहयोग पुग्ने हुनाले रोजगार रणनीति आवश्यक हुने देखिएको छ ।

संचालनमा रहेका कार्यक्रमको उपलब्धिको अवस्था : प्रधानमन्त्री रोजगार कार्यक्रममा २०७६/०७७ मा १९६ जनालाई वढीमा १०० दिन र २०७७/७८ मा २९९ जनालाई र २०७८/७९ मा २५ जनालाई २०७९/८० मा २४७ जनालाई र २०८०/८१ मा १५० जनालाई १०० दिनको न्यूनतम रोजगारी यस उपमहानगरपालिका भित्र बाटो निर्माण, पहिरो नियन्त्रणको लागि वाल निर्माण, सिढी बनाउने, पार्क निर्माण, कृषिमा आधारित वेसार खेति, प्रत्येक वडामा हरियाली प्रवर्धन कार्यक्रम, वडा कार्यालयमा रगंरोगन, छाडा चौपाया व्यवस्थापन, सामुदायिक वनमा झाडी फडानी, अग्नी रेखा निर्माण, सिंचाई कुलो, सामुदायिक वनमा तारवार, सामुदायिक विकासका पूर्वाधारमा रहेर रोजगारी सृजना गरिएको छ । सीमित श्रोत साधन तथा संघीय सशर्त अनुदानमा रहेर न्यूनतम रोजगारीको सुनिश्चित गर्न निकै चुनौती रहेको छ । सवैलाई रोजगारीमा संलग्न गराउन सकिएको अवस्था छैन । रोजगारीका क्षेत्रमा आवश्यक श्रोत साधन प्रयोग गरी धेरै नागरिकलाई रोजगारीमा संलग्न गराउन तथा हाल संचालनमा रहेका रोजगारका कानूनी प्रावधानले तय गरेका दीर्घकालीन उद्धेश्य पुरा गर्न, स्थानीय तहको श्रोत साधन प्रयोग गरी धेरै नागरिकलाई रोजगारी तथा स्वरोजगार कार्यक्रममा संलग्न गराई श्रम तथा रोजगार क्षेत्रका दीर्घकालीन सोच सहितको रणनीति तय गर्न आवश्यक देखिएको छ । तीनवटै तहवाट प्राप्त श्रोत साधनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै



Scanned with CamScanner

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

- प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनमा देखापरेका समस्या चुनौती तथा समाधानका उपाय
- स्थानीय तह भित्र दीगो तथा उत्पादनशील रोजगारीको सम्भाव्यताको खोजी तथा प्रवर्द्धन
- बैदेशिक रोजगारी सम्बन्धित सूचना प्रवाह, परार्मश तथा सहजिकरण
- सीपयुक्त जनशक्ति तयार गर्न सीप विकास तालिम

## ५. सीमाः

बुटवल उपमहानगरपालिकाको १९ वटै वडा भित्र रहेर रोजगारसंग सम्बन्धित विषयहरुलाई समेटी रोजगार रणनीति तयार गरिने छ। यसमा बुटवल उपमहानगरपालिकाको सामाजिक,आर्थिक, जनसंख्याको बनौट, उत्पादनशील क्षेत्रको अवस्था, रोजगारी सृजना हुन सक्ने क्षेत्र, सीपयुक्त जनशक्ति तयार सम्बन्धी सीमा रहेका छन् ।

## खण्ड-२ वर्तमान अवस्थाको विश्लेषण

स्थानीय तहको रोजगार रणनीति योजना तयार गर्दा देहायका विषयमा विश्लेषण गरिएको छ ।

२.१ जनसंख्या र रोजगारीको अवस्था (जनगणना २०७८ अनुसार):-बुटवल उपमहानगरपालिका नेपालको रुपन्देही जिल्लामा अवस्थित छ । यो लुम्बिनी प्रदेशको एक महत्वपूर्ण व्यापारिक र प्रशासनिक केन्द्र हो। बुटवल उपमहानगरपालिका भित्रको जनसंख्या करिब डेढ लाखको हाराहारीमा पुगेको पाइन्छ। विक्रम संम्बत २०७८ को जनगणना अनुसार यस क्षेत्रको कुल जनसंख्या १,९४,३३५ रहेको छ । जसमध्ये ९४,८४९ जना पुरुष थिए भने ९९,४८६ जना महिला छन्।यसमा विभिन्न जातजाति, धर्म, र भाषाभाषिका मानिसहरु बसोबास गर्छन्। बुटवल एक मिश्रित संस्कृति भएको क्षेत्र हो जहाँ नेपाली, थारु, मगर, गुरुङ, ब्राह्मण, क्षेत्री आदि जातजाति बसोबास गर्छन्।

रोजगारीको अवस्था

१.कृषि र पशुपालनः

- कृषिः बुटवलको आसपासका ग्रामीण क्षेत्रमा कृषि मुख्य पेशा हो। यहाँ धान, गहुँ, मकै, तरकारी, फलफूल आदि खेती गरिन्छ।
- पशुपालनः कृषिसँगै पशुपालन पनि महत्त्वपूर्ण छ जसमा गाई, भैंसी, बाख्रा, कुखुरा, माछा पालन प्रमुख छन्।



Scanned with CamScanner

- प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनमा देखापरेका समस्या चुनौती तथा समाधानका उपाय
- स्थानीय तह भित्र दीगो तथा उत्पादनशील रोजगारीको सम्भाव्यताको खोजी तथा प्रवर्द्धन
- बैदेशिक रोजगारी सम्बन्धित सूचना प्रवाह, परार्मश तथा सहजिकरण
- सीपयुक्त जनशक्ति तयार गर्न  सीप विकास तालिम

## ५. सीमाः

बुटवल उपमहानगरपालिकाको १९ वटै वडा भित्र रहेर रोजगारसंग सम्बन्धित विषयहरुलाई समेटी रोजगार रणनीति तयार गरिने छ। यसमा बुटवल उपमहानगरपालिकाको सामाजिक,आर्थिक, जनसंख्याको बनौट, उत्पादनशील क्षेत्रको अवस्था, रोजगारी सृजना हुन सक्ने क्षेत्र, सीपयुक्त जनशक्ति तयार सम्वन्धी सीमा रहेका छन् ।

# खण्ड-२ वर्तमान अवस्थाको विश्लेषण

स्थानीय तहको रोजगार रणनीति योजना तयार गर्दा देहायका विषयमा विश्लेषण गरिएको छ ।

२.१ जनसंख्या र रोजगारीको अवस्था (जनगणना २०७८ अनुसार):-बुटवल उपमहानगरपालिका नेपालको रुपन्देही जिल्लामा अवस्थित छ । यो लुम्बिनी प्रदेशको एक महत्वपूर्ण व्यापारिक र प्रशासनिक केन्द्र हो। बुटवल उपमहानगरपालिका भित्रको जनसंख्या  करिब डेढ लाखको हाराहारीमा पुगेको पाइन्छ। विक्रम संम्वत २०७८ को जनगणना अनुसार यस क्षेत्रको कुल जनसंख्या १,९४,३३५ रहेको छ । जसमध्ये ९४,८४९ जना पुरुष थिए भने ९९,४८६ जना महिला छन्।यसमा विभिन्न जातजाति, धर्म, र भाषाभाषिका मानिसहरु बसोवास गर्छन्। बुटवल एक मिश्रित संस्कृति भएको क्षेत्र हो जहाँ नेपाली, थारु, मगर, गुरुङ, ब्राह्मण, क्षेत्री आदि जातजाति बसोवास गर्छन्।

रोज़गारीको अवस्था

१.कृषि र पशुपालन:

- कृषि: बुटवलको आसपासका ग्रामीण क्षेत्रमा कृषि मुख्य पेशा हो। यहाँ धान, गहुँ, मकै, तरकारी, फलफूल आदि खेती गरिन्छ।
- पशुपालन: कृषिसँगै पशुपालन पनि महत्त्वपूर्ण छ जसमा गाई, भैंसी, बाख्रा, कुखुरा, माछा पालन प्रमुख छन्।

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

२. व्यवसाय र व्यापार:

- स्थानीय व्यापार: बुटवल एक व्यापारिक केन्द्र भएकोले यहाँका मानिसहरु साना देखि ठूला व्यापारमा संलग्न छन्। किराना, वस्त्र, हार्डवेयर, इलेक्ट्रोनिक्स आदि व्यापार मुख्य छन्।
- आयात-निर्यात: भारतसँगको नजिकको सिमानाका कारण बुटवल आयात-निर्यातका लागि महत्वपूर्ण केन्द्र हो।

३.सेवा क्षेत्र:

- सरकारी सेवा: बुटवलमा विभिन्न सरकारी कार्यालयहरु छन् जहाँ धेरै मानिसहरु कार्यरत छन्।
- निजी सेवा: निजी विद्यालय, कलेज, अस्पताल, बैंक, होटल, सहकारी आदि क्षेत्रमा धेरै मानिसहरु रोजगारमा संलग्न छन्।

४. श्रमिक र अन्य:

- निर्माण क्षेत्र: घर, भवन, बाटो, पुल, सामुदायिक भवन तथा योजना आदि निर्माणमा श्रमिकहरु संलग्न छन्। यहाँ ठूला निर्माण परियोजनाहरु पनि भइरहेका छन्।
- अन्य श्रमसाध्य कार्य: होटल, रेस्टुरेन्ट, ट्रान्सपोर्ट आदि क्षेत्रमा श्रमिकको भूमिका महत्त्वपूर्ण रहेको छ।

५.अवसरबिहीन/बेरोजगार:

- बेरोजगारी: केही प्रतिशत जनसंख्या बेरोजगार रहेका छन्। उच्च शिक्षित युवा बेरोजगार हुने समस्या यहाँ पनि देखिन्छ। उनीहरु रोजगारको खोजीमा अन्य शहर वा विदेश जाने प्रवृत्ति छ।

१९ वटा वडा रहेको यस बुटवल उपमहानगरपालिकामा वडा नं. १ मा ३३७७ वडा नं. २ मा ६७६० वडा नं. ३ मा ११२६८ वडा नं. ४ मा ९११५ वडा नं. ५ मा ३४९३, वडा नं. ६ मा ७४७४, वडा नं. ७ मा ११११३, वडा नं. ८ मा ११०३७, वडा नं. ९ मा ९६६५ वडा नं. १० मा ६२६६, वडा नं. ११ मा ५४६९९, वडा नं. १२ मा१३५६७, वडा नं. १३ मा १६७६२, वडा नं. १४ मा ५८०४, वडा नं. १५ मा ४६५२, वडा नं. १६ मा ३३७१, वडा नं. १७ मा ७९८४, वडा नं. १८ मा २८६१, वडा नं. १९ मा ५०६७ गरि जम्मा १,९४,३३५ जनसंख्या रहेको छ। जसमा४८.८० प्रतिशत पुरुष र ५१.२० प्रतिशत महिला र लैङ्गिक अनुपात ९६.८७ रहेको छ। भौगोलिक धरातल अनुसार फरक फरक



प्रमुख प्रशासकीय अधिकृत

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

जनसंख्याको बनौट रहेको छ ।बुटवल उपमहानगरपालिकाको वडा नं. १४ देखि १९ सम्मको वडामा कृषि उत्पादन योग्य जमिन रहको छ भने अन्य वडाहरूमा उधोग व्यापार व्यवसाय बाहुल्यता रहेको छ । साथै बुटवल उपमहानगरपालिकाको सवै वडामा शिक्षा, यातायातको सुविधाको पहँच भएकाले बसोबास गर्ने जनसंख्याको जनघनत्व बढी रहेको छ ।

## १.३ बैदेशिक रोजगारीको अवस्था :- वैदेशिक रोजगार सम्बन्धी पार्श्वचित्र-२०८०अनुसार

बुटवल उपमहानगरपालिका भित्रको कुल ५०,५६५ घरधुरीमध्ये ९,००५ (१७.८० प्रतिशत) घरधुरीका ९,०५९ जना युवाहरु बिदेश गएको तथ्यांक प्राप्त भएको छ । विदेशमा गएकामध्ये १,२६५ घरधुरीका १,२७२ जना यूवाहरु स्वदेश फर्किसकेका छन् भने ७,७४० घरधुरीका ७,७८७ जना युवाहरु वैदेशिक रोजगारीमा नै कार्यरत रहेका छन् ।

समग्र तथ्यांकलाई नियाल्दा यस उपमहानगरपालिकाबाट ७,७८७ जना युवाहरु वैदेशिक रोजगारमा कार्यरत छन् । वैदेशिक रोजगारीमा कार्यरत कुल संख्या मध्ये २१ प्रतिशत महिला छन् । उपमहानगरपालिका भित्र ब्राहमण, क्षेत्रीहरुको बसोबासको बाहुल्यता रहेकोले अधिकांश युवाहरु ब्राहमण, क्षेत्री समुदायबाट वैदेशिक रोजगारमा गएका छन् । वैदेशिक रोजगारमा संलग्न घरधुरीहरु मध्ये ५१ प्रतिशत ब्राम्हण– क्षेत्री, ३८ प्रतिशत जनजाति, १० प्रतिशत दलित र १ प्रतिशत मुस्लिम र अन्य समुदायका रहेका छन् । उमेर समुहको तुलनामा करिब ७८ प्रतिशत व्यक्तिहरु २१ देखि ४० बर्ष उमेर समूहका रहेका छन् । उक्त तथ्यांकलाई नियाल्दा अधिकांश आर्थिक क्रियाकलापमा सक्रिय रुपमा सहभागी हुन सक्ने उमेर समुहका युवाहरु वैदेशिक रोजगारमा रहेको पाईएको छ । जसले गर्दा उपमहानगरपालिका भित्रका वस्तीहरु युवा विहीन बन्दै गएको अवस्था छ । अर्को तर्फ स्थानीय विकासका योजना तर्जुमा तथा त्यसको कार्यान्वयन प्रक्रियामा समेत युवा जनशक्तिको अभाव हुँदै गईरहेको अवस्था देखिन्छ ।

वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुको मुख्य गन्तव्य मलेसिया र खाडीमुलुक रहेको पाईएको छ । श्रम स्वीकृति लिएर गएका मध्ये सबै भन्दा बढी यू.ए.इं/दुवईमा कार्यरत युवाहरु १७ प्रतिशत रहेका छन् । त्यस पछि क्रमशः युरोपमा १२ प्रतिशत, कतारमा ९ प्रतिशत, कुवेत लगायत अन्य खाडी मुलुक तथा मलेसियामा १६ प्रतिशत,, अमेरिकामा ५ प्रतिशत र ११ प्रतिशत युवाहरु चीन, जापान, लगायतका देशहरुमा कार्यरत छन, त्यसै गरी अन्य मुलुकमा कार्यरत युवाहरु २० प्रतिशत रहेका छन, भने १० प्रतिशत युवाहरु भारतमा कार्यरत रहेका छन् । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र प्रतिफलयुक्त बनाउनका लागि वैदेशिक रोजगारमा जाने व्यक्ति स्वयम् नै सुरक्षित आप्रवासन प्रक्रियाको वारेमा जानकारयुक्त हुनुका

साथै गन्तव्य मुलुकमा गर्नु पर्ने कामको विषयमा सीपयुक्त हुनु उत्तिकै जरुरी छ । उक्त प्रक्रियागत सूचना तथा जानकारी र सीपले वैदेशिक रोजगारीबाट प्राप्त हुने लाभको वृद्धि गर्न र लागत न्यूनीकरणमा महत्वपूर्ण सहयोग पुग्न सक्छ । तर यस उपमहानगरपालिकाबाट सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना लिएर र सीप सिकेर वैदेशिक रोजगारमा जाने युवाहरुको संख्या अत्यन्त न्यून रहेको पाईएको छ । विदेशमा कार्यरत कुल ७,७८७ जना युवा मध्ये ६५ प्रतिशत (५,०८३ जना) ले मात्र सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आवश्यक सूचना तथा जानकारी लिएर गएको देखिन्छ ।

वैदेशिक रोजगारमा जाँदा सीप तालिम सिकेर जाने युवाको संख्या पनि अत्यन्त न्यून रहेको पाईएको छ । वैदेशिक रोजगारमा रहेका समग्र संख्यालाई विश्लेषण गर्दा करिब ८४ प्रतिशत युवाहरु कुनै पनि सीप तालिम नसिक्दै विदेश गएको पाईएको छ । फलस्वरुप उनीहरुले गन्तव्य मुलुकमा सोंचे अनुरुपको लाभ प्राप्त गर्न नसक्नुका साथै कार्यस्थलमा दुर्घटना लगायतका विभिन्न खालका जोखिम तथा कठिनाईको सामना गर्नु परिरहेको विवरण तथ्यांक संकलनको क्रममा प्राप्त भएको छ । वैदेशिक रोजगारमा रहेको कुल संख्या भारत बाहेक ७,००८ जनालाई नियाल्दा करिब १८ प्रतिशतले मात्र राहदानी, सम्झौतापत्र लगायतका अत्यावश्यक कागजपत्रको प्रतिलिपि घरपरिवारमा छोडेको पाईएको छ । जुन कागजपत्रहरु समस्या परेमा सहयोग तथा न्याय प्राप्तिका लागि अनिवार्य रुपमा आवश्यक हुन्छ । उक्त तथ्यले वैदेशिक रोजगारमा जाने सम्भावित युवाहरुलाई लक्षित गरी सूचना प्रवाह कार्यमा जोड दिनु पर्ने देखिन्छ । विदेशमा कार्यरत युवाहरु मध्ये करिव ९९ प्रतिशतले नेपालको विमानस्थल प्रयोग गरेर वैदेशिक रोजगारमा गएका छन् । करिब १ प्रतिशत युवाहरु भारत तथा अन्य मुलुकको बाटो भएर वैदेशिक रोजगारमा गएको तथ्यांक प्राप्त भएको छ । भारतको बाटो भएर वैदेशिक रोजगारमा जाँदा अलेखवद्ध हुने र ठगी लगायतका समस्या तथा जोखिममा पर्ने सम्भावना हुने हुनाले वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्तिहरुलाई लक्षित गरी यस विषयमा पनि स्थानीयस्तरमा सचेतना विस्तार गर्नु पर्ने देखिन्छ ।

वैदेशिक रोजगारीमा गएका यूवाहरुमध्ये करिब ५ प्रतिशत युवाहरु म्यानपावर कम्पनी (ईजाजत प्राप्त संस्था) मार्फत वैदेशिक रोजगारीमा गएको तथ्यांक प्राप्त भएको छ । त्यसै गरी ६६ प्रतिशत युवाहरु बिचौलिया (स्थानीय एजेन्ट)हरुको सहारा लिनु पर्ने अवस्था हाल सम्म पनि विद्यमान रहेको पाईएको छ । त्यसै गरी १५ प्रतिशत युवाहरु आफन्त मार्फत, ३ प्रतिशत युवाहरु G to G (Government to Government) प्रक्रिया मार्फत कोरिया लगायतका मुलुकहरुमा गएको विवरण प्राप्त भएको छ, भने २ प्रतिशत वैदेशिक रोजगारीमा रहेका युवाहरुको परिवारका सदस्यलाई थाहा नभएको अवस्था रहेको छ । स्थानीय युवाहरुको म्यानपावर कम्पनी सम्म प्रत्यक्ष पहुँच नहुनु साथै दुरदराजका वस्तीहरुमा अन्तराष्ट्रिय श्रम बजारको माग तथा आवश्यकताको बारेमा सूचनाहरु नपुग्ने हुनाले बिचौलिया (स्थानीय एजेन्ट) प्रति निर्भर हुनु पर्ने वाध्यात्मक अवस्था देखिन्छ । जसले गर्दा बिचौलिया (स्थानीय एजेन्ट) हरुको विभिन्न खालका चलखेलका कारण

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प्रक्रियागत ढिलाई हुनुका साथै अधिकांश युवाहरुले सरकारले तोकेको लागतको सीमा भन्दा १० देखि १५ गुणा सम्म बढी रकम तिर्नु पर्ने अवस्था देखिएको छ । सरकारले खाडिमुलुक तथा मलेसिया जानको लागि फ्रि भिषा फ्रि टिकटको व्यवस्था गरे पनि वैदेशिक रोजगारमा रहेका मध्ये १ प्रतिशत (८७ जना) युवाहरु मात्र फ्रि भिषा फ्रि टिकटको प्रावधान अनुसार विदेश गएको पाईएको छ । करिब ६८ प्रतिशतले दुई लाख रुपैया भन्दा माथि रकम, ३१ प्रतिशतले ११ हजार देखि २ लाख सम्म रकम बिचौलिया (स्थानीय एजेन्ट) तथा मेनपावर कम्पनीलाई रकम बुझाएर विदेश गएको तथ्यांक प्राप्त भएको छ । वैदेशिक रोजगारमा गएका मध्ये ४७ प्रतिशत युवाहरुले वैदेशिक रोजगारमा जाँदा ऋण लिएर बिचौलिया (स्थानीय एजेन्ट) तथा मेनपावर कम्पनीलाई बुझाएको अवस्था छ । उक्त ऋण साथीभाई तथा साहुमहाजनबाट चर्को व्याजमा लिएको तथ्यांक प्राप्त भएको छ । करिब ७० प्रतिशत युवाहरुले १३ देखि ३६ प्रतिशत भन्दा बढी व्याजदरमा ऋण लिएको अवस्था छ । बैंक तथा वित्तीय संस्थाबाट जम्मा १६ प्रतिशत युवाले मात्र ऋण लिएको अवस्था छ । उक्त तथ्यले बैंक तथा वित्तीय संस्थामा युवाहरुको कमजोर पहुँच रहेको देखिन्छ ।

वैदेशिक रोजगारको सवल पक्ष भनेको नै ज्ञान, सीप, अनुभव र विप्रेषण आर्जन हो । प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरी स्वरोजगार तथा रोजगार सिर्जना गर्न सकेमा चक्रीय रुपमा वैदेशिक रोजगारमा जानु पर्ने वाध्यात्मक अवस्थाको न्यूनीकरणमा मद्दत पुग्न सक्छ । यस उपमहानगरपालिकामा बार्षिक रुपमा २ अर्ब ८ करोड २५ लाखको हाराहारीमा विप्रेषण भित्रिने गरेको संकलित तथ्यांकले देखाएको छ । (उक्त तथ्यांक वैदेशिक रोजगारमा रहेका ७,७८७ जना कामदार मध्ये ४,१८५ जना कामदारको परिवारले एक वर्षमा प्राप्त गरेको विप्रेषणको विवरणको आधारमा तयार गरिएको हो ।) वार्षिक रुपमा प्राप्त भएको समग्र विप्रेषणलाई ४,१८५ जनाको मासिक कमाईको रुपमा गणना गर्दा वैदेशिक रोजगारमा रहेको युवाहरुले प्रति व्यक्ति प्रति महिना औषतमा ४१ हजार ५ सयको हाराहारीमा परिवारलाई विप्रेषण पठाईरहेको अवस्था छ । वैदेशिक रोजगारमा रहेको ७,७८७ मध्ये करिब ४६ प्रतिशत (३,६०२ जना) युवाहरुले परिवारलाई विप्रेषण पठाएको अवस्था छैन । कतिपय युवाहरु भर्खरै गन्तव्य मुलुक पुगेको, केही युवाहरुले गन्तव्यमुलुकमा नै बचत गर्ने गरेको र कतिपय युवाहरु विभिन्न समस्यामा रहेकोले उनीहरुले विप्रेषण नपठाएको विवरण प्राप्त भएको छ । एक वर्षमा प्राप्त भएको कूल विप्रेषणमध्ये सबै भन्दा बढी यु.ए.ई बाट १९ प्रतिशत, युरोपका देशहरुवाट १२ प्रतिशत, कतारबाट ११ प्रतिशत, साउदी अरेबियावाट ९ प्रतिशत, मलेसिया तथा अन्य खाडी मुलुकहरुवाट ६ प्रतिशत, अमेरिकाबाट ४ प्रतिशत र अन्य मुलुकवाट १४ प्रतिशत विप्रेषण प्राप्त भएको छ । यसरी हेर्दा यस उपमहानगरपालिका भित्रका युवाहरुको मुख्य गन्तव्यमुलुक मलेशिया र खाडीमुलुकवाट जम्मा ४९ प्रतिशत विप्रेषण भित्रिएको पाईएको छ ।

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प्राप्त तथ्यांकलाई हेर्दा बुटवल उपमहानगरपालिका भित्र ठुलो आकारमा विप्रेषण भित्रिने गरेको पाईएको छ । उक्त विप्रेषणले आधारभूत आवश्यकता परिपूर्ति गर्नुको साथै निम्न वर्गीय परिवारको शिक्षा, स्वास्थ्य लगायतको क्षेत्रमा उल्लेख्य पहुँचमा वृद्धि भएको पाईएको छ । समग्रमा हेर्दा विप्रेषणले स्थानीय जनजीवनलाई आर्थिक रुपमा महत्वपूर्ण टेवा पुर्याईरहेको देखिन्छ । तथापी उपमहानगरपालिका भित्र ठूलो आकारमा भित्रिरहेको विप्रेषणको समुचित व्यवस्थापन तथा उत्पादनमूलक क्षेत्रमा परिचालनको लागि संस्थागतरुपमा योजनावद्ध प्रयास हुन जरुरी देखिन्छ । प्राप्त विप्रेषणको ठूलो हिस्सा करिब २७ प्रतिशत ऋण तिर्नको लागि प्रयोग हुने गरेको देखिन्छ । त्यसै गरी ८ प्रतिशत घर बनाउनमा, १९ प्रतिशत घर खर्च तथा खानपानमा, १३ प्रतिशत शिक्षामा, ११ प्रतिशत स्वास्थ्य उपचार खर्चमा, जग्गा खरिदमा २ प्रतिशत, जिन्सी सम्पत्ति जोड्नमा ५ प्रतिशत र ऋण लगानीमा २ प्रतिशतको हाराहारीमा खर्च हुने गरेको पाईएको छ । समग्रमा १३ प्रतिशत विप्रेषण बचत गरेको देखिन्छ भने व्यवसाय शुरुवातमा १ प्रतिशत रहेको पाईएको छ । उक्त तथ्यांकलाई हेर्दा विप्रेषणको सानो हिस्सा मात्रै व्यवसाय शुरुवात तथा प्रवर्धनमा प्रयोग भईरहेको अवस्था छ । अतः विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालनका लागि स्थानीय सरकारले स्थानीयस्तरको श्रोत साधन, उत्पादन क्षेत्र तथा बजारको विश्लेषण गरी सम्वन्धित सरोकारवालाहरुको सहभागितामा तथ्यमा आधारित योजना निर्माण तथा कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप तथा विप्रेषणले देशको समग्र आर्थिक विकासमा योगदान पुगिरहेको भए पनि वैदेशिक रोजगारमा रहेका र वैदेशिक रोजगारीमा जान लागेका व्यक्तिहरुले ठगी लगायतका विभिन्न खालका समस्याहरु भोग्नु परिरहेको अवस्था विद्यमान छ । वैदेशिक रोजगारमा कार्यरत युवाहरु मध्ये २ प्रतिशतले नेपालमा करार सम्झौता बमोजिमको काम तथा तलब बिदेशमा नपाएको लगायतका विभिन्न खालका समस्याहरु भोगिरहेको पाईएको छ । त्यस वाहेक आफु कार्यरत कम्पनी मालिकले स्वदेश फर्कन नदिएको, खाना तथा तलब सुविधा नपाएको समस्याहरु पनि तथ्यांक संकलनको क्रममा प्राप्त भएका छन् । अर्कोतिर उनीहरुको अनुपस्थितिमा परिवारका सदस्यहरुमा पारिवारिक व्यवस्थापन, सामाजिक कार्य तथा पेशागत जिम्मेवारीका कारण कार्यबोझ बढिरहेको जानकारी प्राप्त भएको छ । बालबालिकाहरुलाई उचित हेरचाह एवम् जेष्ठ नागरिकहरुलाई अपेक्षाकृत रुपमा आवश्यक सहयोग प्राप्त भइरहेको छैन । कतिपय परिवारका जेष्ठ नागरिकहरु सहारा विहीन बन्दै गईरहको अवस्था पनि पाईएको छ । वैदेशिक रोजगारमा रहेका कुल ७,७४० घरधुरी मध्ये ६ प्रतिशत घरधुरीमा जेष्ठ नागरिकहरु मात्र बासोबास गरिहेको पाईएको छ । समग्रमा भन्नु पर्दा वैदेशिक रोजगारीका कारण व्यक्ति, परिवार तथा समाजमा विभिन्न खालका समस्याहरु पनि सिर्जना हुँदै गईरहेको देखिन्छ । विकासका प्राथमिकताहरु भौतिक विकासको क्षेत्रमा केन्द्रित हुँदा यस्ता पारिवारिक तथा सामाजिक समस्याहरु ओझेलमा पर्दै गईरहेको छ । यस्ता



Scanned with CamScanner

समस्याहरुलाई समयमा नै सम्बोधन गर्न सके समृद्ध समाज निर्माण भई विकास प्रक्रिया चुस्त रुपमा अघि बढ्न सक्छ ।

बुटवल उपमहानगरपालिकाबाट वैदेशिक रोजगारमा संलग्न कुल ९,०५९ जना मध्ये १,२७२ जना व्यक्तिहरु स्वदेश फर्केर आएको तथ्यांक प्राप्त भएको छ । फर्केर आएका जम्मा व्यक्तिमध्ये ९ प्रतिशत महिला रहेका छन् । फर्केका व्यक्तिहरुमध्ये ४७ प्रतिशत ब्राम्हण– क्षेत्री समुदायका रहेका छन् । त्यसै गरी जनजाति ३९ प्रतिशत, दलित १२ प्रतिशत रहेको पाईएको छ । बाँकी २ प्रतिशत विभिन्न जातिका रहेका छन् । देशगत रुपमा तुलना गर्दा सबै भन्दा बढी व्यक्तिहरु मलेसिया र खाडीमुलुकबाट फर्केर आएका छन् । वैदेशिक रोजगारबाट फर्केका कुल १,२७२ जना मध्ये यू.ए.ई/दुवईवाट सबै भन्दा बढी २६ प्रतिशत युवाहरु फर्केका छन् । त्यस पछि क्रमशः कतारवाट २१ प्रतिशत, साउदी अरेबियाबाट १४ प्रतिशत, मलेसियाबाट ७ प्रतिशत र बाँकी ३२ प्रतिशत यूवाहरु विभिन्न मुलुकबाट फर्केर आएको तथ्यांक प्राप्त भएको छ । फर्केर आएका व्यक्ति मध्ये ४३ प्रतिशत व्यक्तिहरुले करार सम्झौता अवधि पूरा भएका कारण फर्केर आएका छन् । ८ प्रतिशत व्यक्तिहरु उनीहरु कार्यरत रहेको कम्पनीमा समस्या भएर फर्किएका छन् भने १८ प्रतिशत राजीनामा दिएर परिवारसँग बस्न फर्किएको अवस्था छ । त्यसै गरी अन्य विभिन्न कारणले २२ प्रतिशत र स्वास्थ्य समस्या भएर फर्किनेहरुको संख्या ९ प्रतिशत रहेको छ ।

वैदेशिक रोजगारवाट फर्केर आएका यूवाहरु मध्ये ६४ प्रतिशतले कुनै न कुनै सीप तालिम लिएर फर्केको पाईएको छ । वैदेशिक रोजगारबाट फर्किदा सीप तथा दक्षता लिएर आएका यूवाहरुलाई क्षेत्रगत विज्ञताको आधारमा योजनावद्ध रुपमा परिचालन गर्न सके स्थानीय विकास प्रक्रियामा महत्वपूर्ण सहयोग पुग्न सक्ने देखिन्छ । कतिपय यूवाहरुसँग सीप तथा दक्षता हुँदा हुँदै पनि आफुसँग भएको सीपको प्रमाणपत्र नहुँदा स्थानीय रोजगारीका अवसरहरुमा प्रतिस्पर्धा तथा सहभागी हुन बन्चित हुनु परेको समस्याहरु पनि प्राप्त भएका छन् । वैदेशिक रोजगारबाट फर्केर आएका यूवाहरुले आफुसँग भएको सीपलाई परीक्षण गर्ने योजना रहेको बताएका छन् । यस्तो अवस्थामा स्थानीय सरकारले सम्बन्धित निकायहरुसँगको सहकार्यमा सीप परीक्षण सम्वन्धी कार्यक्रम सञ्चालन गर्न सके प्रभावकारी हुन सक्ने देखिन्छ ।

वैदेशिक रोजगारीबाट फर्केका १,२७२ जनामध्ये ३३ प्रतिशत व्यक्तिहरु वेरोजगार रहेको र उनीहरु जागिरको खोजिमा रहेको तथ्यांक प्राप्त भएको छ । रोजगारको खोजिमा रहेको संख्या ठुलो भए पनि हालसम्म जागिर गरिरहेको ७ प्रतिशत स्वरोजगारमा संलग्न संख्या करिब १२ प्रतिशत, होटेल व्यवसाय गरिरहेका २ प्रतिशत, कृषि पेशा गरिरहेको ४ प्रतिशत, पशुपालन १ प्रतिशत र अन्य व्यवसायमा संलग्न १२ प्रतिशत मात्र रहेको पाईएको छ । त्यसै गरी २९ प्रतिशत व्यक्तिहरु तत्काल पुनः वैदेशिक रोजगारीमा जानलाई प्रक्रियामा रहेको पाईएको छ । विदेशमा मिहेनतका साथ कमाएको रकमलाई आयमूलक क्रियाकलाप तथा व्यवसाय संचालनमा लगानी गर्ने सोंच आफैमा महत्वपूर्ण छ । व्यवसाय शुरुवात गर्ने

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

योजना बनाएका सबै युवाहरुमा सो सम्बन्धी ज्ञान, सीप तथा पर्याप्त पूँजी नभएको अवस्था पनि देखिएको छ । यस्तो अवस्थामा उनीहरुले बनाएको योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि स्थानीय सरकार मार्फत प्राविधिक सहयोग तथा सहुलियत कर्जा लगायतको सहयोगको अपेक्षा राखेको तथ्यांक पनि प्राप्त भएको छ ।

## २.१ स्थानीय तहमा रहेका उद्योग प्रतिष्ठान र रोजगारदाताको विवरण

बुटवलमा विभिन्न उद्योग र व्यवसायहरू सञ्चालनमा छन्, जसमा व्यापार, सेवा र उद्योगहरू मुख्य छन्। व्यापारिक क्षेत्रहरूमा ट्राफिक चोक, बीपी चोक, अमरपथ, राजमार्ग चौराहा र नेपालगन्ज रोड प्रमुख छन्। साथै, यहाँको सब्जी मण्डी नेपालकै दोस्रो ठूलो सब्जी बजार हो, यहाँ विभिन्न किसान, व्यापारी, र उद्यमीहरू सिधा बिक्री गर्छन् ।

सेवा क्षेत्रहरूमा बैंकिङ, शिक्षा, यातायात, र स्वास्थ्य क्षेत्र प्रमुख छन्। स्वास्थ्य क्षेत्रमा लुम्बिनी प्रादेशिक अस्पताल जस्ता ठूला अस्पतालहरू छन्, जसले जनतालाई स्वास्थ्य सेवा पुर्याउँछन्। शिक्षा क्षेत्रमा बुटवल एक प्रमुख केन्द्रको रूपमा उभिएको छ, जहाँ धेरै विद्यालयहरू छन्

## २.२ उधोगको संख्या र रोजगारीमा संलग्न भएका व्यक्तिको विवरण

बुटवल उपमहानगरपालिका भित्र ८०० भन्दा वढी उद्योग प्रतिष्ठानहरू छन्, जसले विभिन्न प्रकारका रोजगार अवसरहरू सिर्जना गरेका छन् । उद्योगहरूमा रोजगारदाताहरूले हजारौं व्यक्तिलाई रोजगारी दिएका छन्। विशेषगरी उत्पादन र निर्माण क्षेत्रले धेरै संख्यामा श्रमिकहरूलाई रोजगारी प्रदान गर्छ। बुटवल उपमहानगरपालिकाले आफ्ना युवाहरूलाई स्वरोजगारको अवसर प्रदान गर्न विभिन्न तालिम कार्यक्रमहरू संचालन गर्दै आएको छ, जसले पनि रोजगारी सिर्जना गर्नमा सहयोग पुर्याएको छ ।

## २.३ स्वरोजगारका लागि नँया उधोग तथा प्रतिष्ठान खोल्ने अवस्था

बुटवल उपमहानगरपालिकामा नयाँ उद्योग तथा व्यवसायहरू सुरु गर्न अनुकूल वातावरण छ। नगरपालिकाले १५ वर्षको दीर्घकालीन विकास योजना बनाएको छ, जसमा पूर्वाधार विकास र शिक्षा, स्वास्थ्य, पर्यटन, तथा उद्योगजस्ता क्षेत्रहरूको प्रवर्धन समावेश छ

## २.४ उधोग प्रतिष्ठानमा संलग्न हुने सक्ने रोजगारीको प्रकृति

बुटवल उपमहानगरपालिका भित्रका उद्योग प्रतिष्ठानहरूमा विभिन्न प्रकारका रोजगारीका अवसरहरू उपलब्ध छन्। यहाँ केही प्रमुख क्षेत्रहरू र तिनमा उपलब्ध रोजगारीका प्रकारहरूको विवरण:



Scanned with CamScanner

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## उत्पादन उद्योग

१. **कपडा उधोग**
   - **सिलाई-कटाई मजदुर:** कपडा काट्ने र सिलाउने काम ।
   - **गुणस्तर निरीक्षक:** उत्पादन भएका वस्तुको गुणस्तर जाँच गर्ने ।

२. **खाध्य उधोग:**
   - **मेशिन अपरेटर:** उत्पादन मेशिन सञ्चालन गर्ने ।
   - **प्याकेजिङ्ग मजदुर:** उत्पादन भएका वस्तुहरूको प्याकेजिङ्ग गर्ने ।

३. **काठ तथा फर्निचर उधोग:**
   - **काठ काम गर्ने श्रमिक:** काठ काट्नेर फर्निचर बनाउने काम ।
   - **डिजाइनर:** नयाँ डिजाइन बनाउने ।

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र रहेको औधोगिक क्षेत्रमा रहेका विभिन्न किसिमका उद्योगहरुमा मेशिन अपरेटर , प्लम्बर, मार्केटिङ्ग तथा लेबरिङ्ग गर्ने जनशक्ति, सेकुरिटी गार्ड, लगाएतका जनशक्ति आवश्यक भएको पाइन्छ। त्यसैगरी अन्य क्षेत्र समेतमा कार्पेन्टर, सिकर्मी, डकर्मी, बजार प्रतिनिधि र लेखा शाखा राखे कामदारहरुको आवश्यक भएकाले त्यस्ता खालका सीपभएका जनशक्ति आपूर्तिका लागि सीप तथा क्षमता विकास गर्न जरुरी देखिन्छ । दक्ष जनशक्तिको अभावमा कतिपय उद्योगहरु पूर्ण क्षमतामा संचालन नभएकाले आवश्यक पर्ने जनशक्तिको सूची तयार गरी त्यस्ता सीप विकास क्षमता विकासका तालिम संचालन गरी दक्ष जनशक्ति उत्पादन गर्नुपर्ने आवश्यकता रहेको छ ।

## सेवा उद्योग

१. **बैंकिङ र वित्तीय सेवा:**
   - **क्यासियर:** बैंकका क्यास काउन्टरमा काम गर्ने।
   - **ग्राहक सेवा प्रतिनिधि:** ग्राहकहरूलाई सहायता प्रदान गर्ने।

२. **स्वास्थ्य सेवा:**
   - **नर्स:** अस्पतालमा बिरामीको हेरचाह गर्ने।
   - **प्रयोगशाला प्राविधिक:** प्रयोगशालामा नमुना परीक्षण गर्ने।

३. **शिक्षा क्षेत्र:**
   - **शिक्षक:** विद्यालय तथा कलेजमा अध्यापन गर्ने।
   - **प्रशासनिक कर्मचारी:** विद्यालयको प्रशासनिक काम गर्ने।



Scanned with CamScanner

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## निर्माण उद्योग

१. **निर्माण श्रमिक:**
   - **मेसन:** भवन बनाउने काम गर्ने।
   - **प्लम्बर:** पानीका पाइपलाइन बिच्छ्याउने।

२. **इन्जिनियर:**
   - **सिभिल इन्जिनियर:** निर्माण परियोजनाहरूको योजना बनाउने र निरीक्षण गर्ने।
   - **इलेक्ट्रिकल इन्जिनियर:** विद्युतीय प्रणालीको योजना र मर्मत गर्ने।

बुटवल उपमहानगरपालिकाले विभिन्न प्रकारका सीपमूलक तालिम कार्यक्रमहरू पनि संचालन गर्छ, जसले विभिन्न सीपहरूको विकासमा सहयोग पुर्याउँछ। यी तालिमहरूमा सहभागी भएर व्यक्तिहरूले रोजगारीका लागि आवश्यक सीपहरू सिक्न सक्दछन् र उद्योग प्रतिष्ठानहरूमा रोजगार प्राप्त गर्न सक्छन् ।

## २.५ उद्योग प्रतिष्ठानहरुमा संलग्न हुने जनशक्तिका लागि आवश्यक पर्ने सीप तथा क्षमताको विश्लेषण

- 

## २.६ वैदेशिक रोजगारीमा भएका व्यक्तिहरुको संख्या र प्रकृति

वि सं २०७८ सम्मको बुटवल उपमहानगरपालिकाबाट ४०७४ जना वैदेशिक रोजगारमा रहेको जसमा २२ महिला रहेका थिए। बुटवल उपमहानगरपालिका वर्षेनि वेरोजगार नागरिकहरु जीवन यापन गर्न तथा आधारभुत आवश्यकता पुर्ति गर्न भारतमा ( धेरै जसो पुरुष) रोजगारीमा गएका छन । भारत बाहेक अरु देशमा रोजगारीमा गएका व्यक्तिको विवरण-

| जम्मा वैदेसिक रोजगारमा रहेका संख्या | हालविदेशमा काम गरिरहेका विवरण | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्य | अल्मुनियमफेब्रिकेटर | इलेक्ट्रिसियन | कार्पेन्टर | कुक | कृषि सम्बन्धी काम | क्लिनर | गार्मेन्ट | घरेलु कामदार | ड्राइभर | पेन्टर | प्लम्बर | मेसन | लेबर | वेटर | वेल्डर | सेक्युरिटी गार्ड | सेल्समेन | स्काफफोल्डर | स्टिल फिक्चर | हाउस किपिङ | जम्मा |
| ५३ | ४ | | ३ | | १७ | | २ | | २ | १ | | | १ | १ | १६ | १ | २ | ३ | | | | ५३ |
| ८३ | १९ | | | | ५ | ४ | १० | २ | ६ | १ | १ | ६ | ४ | ३ | ७ | ३ | ३ | ६ | | | ३ | ८३ |
| ५६६ | २९९ | ४ | १७ | | ५७ | १८ | | २ | ४६ | ८ | | ६ | | ४२ | १७ | ५ | १३ | ३१ | १ | ५ | ५ | ५६६ |
| १२० | ६४ | १ | ३ | | ८ | १ | २ | | ५ | ६ | २ | | | ३ | ४ | ४ | ९ | ४ | | | ४ | १२० |
| ४० | १३ | | १ | २ | २ | | २ | ३ | २ | ४ | | १ | | १ | ४ | | १ | ३ | | | १ | ४० |
| २५५ | १६० | | ४ | २ | २० | ४ | ८ | १ | १० | ५ | | ३ | | ७ | १३ | १ | ४ | ६ | | | ७ | २५५ |



Scanned with CamScanner

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४८९ | ४०४ | १ | १ | | १० | २ | २ | १ | २७ | ७ | १ | १ | १ | २ | ३ | | १२ | ८ | | | ६ | ४८९ |
| ५०६ | ४८० | | १ | | ३ | | | | १ | | | | | १ | ३ | | १० | ६ | | | १ | ५०६ |
| २१३ | ५४ | | ३ | | १७ | १३ | ११ | १५ | १२ | ३ | ४ | १ | | ८ | २० | | १२ | २१ | | | १९ | २१३ |
| ३५९ | १६५ | | ३ | १ | ४७ | ७ | ३ | ५ | १० | ११ | | १ | | ९ | २४ | ५ | २० | २७ | १ | | २० | ३५९ |
| २१८६ | ६७४ | ७ | ३६ | ७ | १४२ | ५५ | ४३ | ४२ | ८९ | ४९ | १७ | २० | १८ | ६२६ | १५२ | ३३ | ५३ | ५९ | ७ | १३ | ४४ | २१८६ |
| ४९० | १३९ | १० | १३ | २ | ९६ | २५ | १० | २ | ११ | ३७ | ४ | २ | १० | १० | २६ | | ४६ | २४ | २ | १२ | ९ | ४९० |
| ४८७ | १२५ | १ | ४ | ३ | ५९ | १७ | ११ | ३ | २२ | २९ | २ | | ६ | ८२ | २५ | १० | ४२ | ३५ | १ | २ | ८ | ४८७ |
| ५३४ | २८९ | ३ | ६ | ३ | ७२ | १० | | ४ | २७ | ३४ | | ३ | ८ | १३ | १० | | ३४ | १३ | ५ | | | ५३४ |
| ३९२ | ५५ | ४ | ७ | १ | ६९ | ११ | १७ | २ | ८ | २८ | १ | २ | १४ | ४० | ३८ | ६ | ३६ | ३३ | २ | ३ | १५ | ३९२ |
| २६२ | १२३ | | १५ | १ | ३९ | ५ | १ | २ | ८ | २५ | | २ | १ | २ | १६ | | १७ | ५ | | | | २६२ |
| ३५९ | ११२ | ६ | २ | १ | ५४ | १२ | १८ | ७ | २६ | २४ | ६ | १ | ३ | ७ | १५ | ७ | ३२ | २० | | १ | ५ | ३५९ |
| १९८ | १८ | १ | ४ | | १६ | ८ | ४ | १ | ९ | ४ | | | | २७ | ६४ | | १३ | २८ | | | १ | १९८ |
| १९५ | १७ | २ | ४ | | १९ | ३ | २० | | ४ | १८ | ६ | १ | ४ | ४६ | १३ | १ | ११ | १८ | १ | | ७ | १९५ |
| ७७८७ | ३२१४ | ४० | १२७ | २३ | ७५२ | १९५ | १६४ | ९२ | ३२५ | २९४ | ४४ | ५० | ७० | ९३० | घघ | ७६ | ३७० | ३४० | २० | ३६ | १५५ | ७७८७ |

## २.७ वैदेशिक रोजगारका लागि उपलव्ध सेवा तथा सुविधाको विश्लेषण

- बैदेशिक रोजगारलाई सुरक्षित मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजिकरण तथा परामर्श गर्ने व्यवस्था रहेको छ।
- बैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण, सूचना प्रवाह र प्रवर्द्धनात्मक क्रियाकलाप संचालन गर्ने ।
- बैदेशिक रोजगारमा जाने श्रमिकको श्रम स्वीकृति र पुन: श्रम स्वीकृतिमा सहजिकरण गर्ने ।
- बैदेशिक रोजगार, सुरक्षित आप्रवासन, पुनर्स्थापना र पुन:एकीकरण सम्बन्धी कार्यक्रमको संचालनमा समन्वय, सहकार्य र सहजिकरण।

## २.८ स्थानीय तहमा श्रम तथा रोजगारीका क्षेत्रमा भएका चुनौती र निराकरणको अवस्था

चुनौती

- बेरोजगार युवाहरुलाई श्रमप्रतिको धारणामा रुपान्तरण गर्न नसकिनु।
- विकासका पूर्वाधारमा आवश्यक श्रोत साधनको अभाव ।
- बेरोजगार युवाहरुले उत्पादनशील रोजगारी अर्न्तगत कृर्षि तथा पशुपालनमा भविष्य नदेख्नु ।
- सीपलाई रोजगारमा रुपान्तरण नगर्नु।
- बढ्दो बेरोजगारीलाई न्यूनीकरण नगर्नु ।



Scanned with CamScanner

- समाजमा श्रमको सम्मान गर्ने वातावरण नहुनु ।
- युवा शक्तिमा छिटो धनि हुने सपना जागृत हुनु ।
- श्रोत साधनमा एकीकृत उपयोग नहुनु ।
- मागमा आधारित रोजगारीको व्यवस्थापन गर्न नसकिनु ।
- न्यून बजेट, अपेक्षा धेरै हुनु ।

## निराकरण

- रोजगारीको हकलाई पूर्णरुपमा कार्यान्वयन गर्न संघीय सरकारबाट प्राप्त कानून नीति नियम बनेका छन ।
- श्रमको सम्मान राष्ट्रको अभियानका विभिन्न कार्यक्रम भएका छन ।
- संघ र स्थानीय तहले रोजगारी सृर्जना हुने गरी बजेट व्यवस्थापन गर्ने गरेका छन ।
- लघुउद्यम विकास कार्यक्रम मार्फत पनि स्वरोजगार गराउने गतिविधि रहेका छन।
- सीपयुक्त जनशक्तिलाई रोजगारीमा आवद्ध गर्ने काममा आधारित तालिम संचालन हुने गरेका छन् ।

## २.९ स्थानीय तहमा रोजगार रणनीतिको कार्यान्वयन पश्चात प्राप्त हुने अवसर र उपलब्धि

**अवसर**

- बुटवल उपमहानगरपालिकाभित्र आर्थिक गतिविधि बढन गई युवाहरुलाई उद्योग व्यवसाय गर्ने वातावरण सृजना ।
- परिणात्मक र गुणात्मक रोजगारी सिर्जना ।
- आन्तरिक रोजगारीमा विश्वसिलो दीगो माग र आपुर्ति प्रणालीको विकास ।
- न्यूनतम रोजगारीमा अहिलेको चुनौतीलाई दीगो रोजगारीका अवसरमा रुपान्तरणको अवसर ।
- युवालाई कृषि, पशुपालन, जडीबुटी उत्पादन प्रशोधन र वजारीकरणमा संलग्न गर्न सकिने ।
- विदेशको सिकाईलाई नेपालमा प्रयोग गर्न सकिने ।

**उपलब्धि**

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति भएको हुने ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा रोजगारी पाएको हुनेछ।
- श्रोत साधनलाई एकीकृत गरी रोजगारीमा केन्द्रित भएको हुनेछ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक भएको हुनेछ।
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित भएका हुनेछन् ।
- रोजगारीको माग र आपुर्तिको ढाँचा तयार भई कार्यान्वयन भएको हुनेछ।
- बैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परार्मशसेवा तथा अन्य सेवा संचालन विश्वसनियता बढेको हुनेछ ।
- आन्तरिक रोजगारीका अवसर सिर्जना भएको हुने ।
- दीगो र उत्पादनशील रोजगारीका क्षेत्रका पूर्वाधार निर्माण भएको हुनेछ।
- दीगो रोजगारीका लागि उधमशीलताका नयाँ क्षेत्र पहिचान भई वार्षिक दीगो रोजगारीमा संलग्न हुने संख्यामा बढेको हुनेछ ।
- तीन तहको सरकारका रोजगारीका कार्यक्रमलाई एकीकृत गराउन सहयोग पर्नु ।
- स्थानीय तहको श्रोत साधनको प्रयोग भई बार्षिक न्यूनतम रोजगारीका क्षेत्रमा सूचीकृत बेरोजगारीको संख्यामा हाल करिव ८% ले मात्र रोजगारी पाएकोबाट ५०% सम्मलाई रोजगारी पाएको सुनिश्चित हुने ।

## खण्ड :- ३

## रणनैतिक विश्लेषण

उपमहानगरपालिका भित्र रोजगारीका क्षेत्र र अवसर पहिचान, श्रोत साधनको अधिक प्रयोग गरी बढ्दो बेरोजगारी र गरिवीलाई न्यूनीकरण गर्न संघीय सरकार, प्रदेश र स्थानीय सरकारले विभिन्न कार्यक्रम कार्यान्वयन भएका तर उपलब्धिमूलक नभएको अवस्था रहेको छ ।संघीय सरकारको रोजगार नीतिलाई आत्मसाथ गरी तीन वटै तहबाट प्रास श्रोत साधन र जनशक्तिलाई उत्पादनशील रोजगार मार्फत् नागरिकको जीवनस्तरमा सकारात्मक प्रभाव पार्न, आन्तरिक रोजगारीमा संलग्न हुन चाहने नागरिकको उच्च सम्मान गर्न, सीपयुक्त जनशक्तिलाई श्रममा आवद्ध गर्न र पूर्वाधार मात्र न्यूनतम रोजगारी पाउने कानूनी व्यवस्थाले मात्र रोजगारीका संख्या बढाउन नसकिएको अवस्थामा, बर्षेनी सयौ बेरोजगार नागरिक बैदेशिक रोजगारीमा गई रहेको बर्तमान चुनौतीलाई आत्मसाथ गरी आन्तरिक रोजगारीका नँया क्षेत्र पहिचान गरी स्थानीय तहको



Scanned with CamScanner

श्रोत साधनलाई रोजगारीका क्षेत्रमा उपयोग गरी बेरोजगार नागरिकलाई गाउँमै वस्ने वातावरण तय गर्न रणनीति योजनाले मार्ग निर्देशन गर्ने अपेक्षा गरिएको छ।

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- श्रोत साधनलाई एकीकृत गरी रोजगारीमा केन्द्रित गर्नु ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलव्धिमूलक बनाउनु ।
- बुटवल उपमहानगरपालिकाको श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउनु ।
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित गराउनु ।
- रोजगारीको माग र आपुर्तिको ढाँचा तयार गर्नु ।
- वैदेशिक रोजगारलाई सुरक्षित उपलव्धिमूलक वनाउन परार्मशसेवा सेवा संचालन गर्नु ।

खण्ड-४

## रणनैतिक सवाल

बुटवल उपमहानगरपालिका भित्र रोजगारीको अवसर सिर्जना गरी उपलब्ध अवसरहरुमा लक्षित वर्गको पँहुच अभिवृद्धि गरी रोजगारीको हक सुनिश्चित गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले पनि आवश्यकता अनुसार विभिन्न कार्यक्रम संचालित हुँदा पनि रोजगारीको सुनिश्चित गर्न सकिएको छैन। रोजगारीको हक कार्यान्वयनमा प्रभावकारी बनाउन स्थानीय तहको अपनत्व लिन र रोजगार कार्यक्रमलाई उपलव्धिमूलक बनाउन, आन्तरिक रोजगारी सिर्जनामा एकीकृत श्रोत साधन परिचालन गर्न, आन्तरिक रोजगारीका अवसरमा वृद्धि, वैदेशिक रोजगारीलाई मर्यादित बनाउनु, दीगो रोजगारीका क्षेत्र पहिचान गर्न, उद्यमशीलता विकास मार्फत जीवनस्तरमा सुधार ल्याउनु यस योजनाको रणनैतिक सवाल रहेका छन ।

खण्ड –५

# दूरदृष्टि,लक्ष्य र उदेश्य ( long –term vision, Goals, objectives)

**सोच :** "समानता, स्वाभिमान र अवसर, उद्योग पर्यटन र विकास पूर्वाधारमा रोजगार " रणनीतिक योजनाको दीर्घकालिन सोच हुनेछ ।

**लक्ष्य :**

बुटवल उपमहानगरपालिकामा सुचीकृत बेरोजगारलाई रोजगारीको प्रत्याभुति मार्फत् सामाजिक र आर्थिक अवस्थामा सुधार ल्याउनु रहेकोछ।

उदेश्य :

बुटवल उपमहानगरपालिकाको रोजगार रणनीति तर्जुमा भई कार्यान्वयन पश्चात संघीय रोजगार नीतिलाई समेत प्रत्यक्ष सहयोग पुर्याउदै बुटवल उपमहानगरपालिकाले देहायका नतीजा प्राप्त गर्न सक्षम हुनेछ।

१. विकासका पूर्वाधारमा, कृषिको उत्पादन, जडीबुटीको तथा वन पैदावरको संकलन, प्रशोधन बजारीकरण,उद्यमशीलताको प्रवर्द्धन,पशुपालन, माछा पालन, तरकारी, फलफूल खेति मार्फत न्यूनतम रोजगारी देखि दीगो र उत्पादनशील रोजगारीको सुनिश्चित गर्नु ।

२. बजारको आवश्यकता र मागका आधारमा सीपको पहिचान र उत्पादन गर्न सीपयुक्त जनशक्तिको उपयोग गर्नु।

३. वैदेशिक रोजगारीमा जाने इच्छुक युवाहरुलाई आवश्यक पर्ने सीप, अभिमुखिकरण, परामर्शदिई दक्ष, प्रतिस्पर्धी, सूरक्षित, मर्यादित र उपलव्धिमूलक बनाउनु तथा फर्किएका व्यक्तिले हासिल गरेका अनुभव र ज्ञानलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।

४. रोजगारमूलक सेवालाई उपलव्धिमूलक र रोजगारमैत्री वनाउनु ।

उपमहानगरपालिकाका प्राथमिकताहरु:-

१. आन्तरिक, दीगो तथा उत्पादनशील रोजगारीमा जोड ।

२. सीपमूलक तालिममा जोड ।

३. कृषि , वन पैदावरमा रोजगारी सिर्जना ।

४. जडीबुटी, उद्योग, पर्यटन, खानी, उद्यमशीलतामा जोड ।

५. विकासका पूर्वाधार ।

६. वैदेशिक रोजगारवाट फर्किएका युवाहरुलाई उत्पादनका क्षेत्रमा संलग्न ।

७. वैदेशिक रोजगारीमा जान चाहने युवालाई परामर्श, अभिमुखिकरण।

८. बुटवल उपमहानगरपालिका भित्र रहेका कलेजहरूमा पढन अउने नगर भित्र वा वाहिरका विधार्थी जो चाहि स्नातक /स्नातकोत्तर/ प्राविधिक शिक्षा पढाइ संगसंगै अफ्नो व्यक्तिगत खर्चका लागि अंशिक रोजगारमा संलग्न हुन चाहन्छन त्यस्ता विधार्थीका लागि उचित वातावरण बनाउनका लागि व्यवस्था गर्ने ।



Scanned with CamScanner

९. पढाइ संग संगै रोजगारी सृजनाका लागि आवश्यक कार्यविधि निमार्ण गरी कार्यान्वयन गराउने ।

१०.एक विधालय एक करेसावारीको धारणालाई विकास गर्ने ।

## खण्ड :- ६

### पढ्दै कमाउँदै (Study and Earn)

**६.१ पढ्दै कमाउँदै** (Study and Earn)

**१. प्रस्तावना:** "पढ्दै कमाउँदै" अवधारणा एक नवीन दृष्टिकोण हो । जसले शिक्षालाई रोजगारीसँग जोड्ने काम गर्दछ। यस अवधारणाले विद्यार्थीहरूलाई अध्ययनको साथसाथै आर्थिक सशक्तिकरणको बाटो पनि देखाउँछ। यो विशेष गरी विकासशील देशहरूका लागि महत्त्वपूर्ण छ, जहाँ धेरै विद्यार्थीहरू आर्थिक समस्याका कारण आफ्नो पढाइलाई निरन्तरता दिन संघर्षरत हुन्छन्। यसले उनीहरूलाई शैक्षिक यात्रा र रोजगारीको अनुभवलाई एकसाथ अगाडि बढाउने अवसर दिन्छ।

**२. महत्त्व:**

- **आर्थिक सशक्तिकरण:** यो अवधारणाले विद्यार्थीहरूलाई अध्ययनका साथसाथै आर्थिक आम्दानी गर्ने अवसर प्रदान गर्दछ। यसले विद्यार्थीहरूलाई आत्मनिर्भर बन्न र उनीहरूको शिक्षामा लगानी गर्न मद्दत गर्दछ।
- **व्यावसायिक सीपको विकास:** विद्यार्थीहरूले काम गर्ने क्रममा विभिन्न व्यावसायिक सीपहरू सिक्छन्। यसले उनीहरूको सीपलाई मात्रै परिष्कृत गर्दैन, उनीहरूलाई रोजगार बजारका लागि प्रतिस्पर्धी बनाउन पनि मद्दत गर्दछ।
- **अध्ययन र कार्य अनुभवको समन्वय:** शैक्षिक संस्थाले दिने सैद्धान्तिक ज्ञान र कार्यस्थलबाट प्राप्त हुने व्यवहारिक ज्ञानको संयोजनले विद्यार्थीहरूलाई अझ सशक्त बनाउँछ।
- **रोजगारीका अवसरहरूमा बृद्धि:** पढ्दै कमाउँदै अवधारणामा संलग्न विद्यार्थीहरूलाई शिक्षा सम्पन्न गरेपछि रोजगारी प्राप्त गर्न सजिलो हुन्छ, किनकि उनीहरूसँग पहिले नै कार्य अनुभव भइसकेको हुन्छ।

**३. कार्यान्वयनका क्षेत्रहरू:**

- **शैक्षिक संस्था:** स्कूल, कलेज र विश्वविद्यालयहरूले यस अवधारणालाई आफ्नो पाठ्यक्रमसँग जोड्न सक्छन्। यसका लागि पार्ट-टाइम रोजगार, इन्टर्नशिप कार्यक्रम, सहायक कार्यहरू, वा अनुसन्धान परियोजनामा सहभागी गराउन सकिन्छ।

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

- **सरकारी निकायहरू:** स्थानीय सरकार, मन्त्रालयहरू, र विभिन्न सरकारी कार्यालयहरूले पनि "पढ्दै कमाउँदै" कार्यक्रमलाई प्रोत्साहित गर्न सक्छन्। यसमा सार्वजनिक संस्थानहरूमा इंटर्नशिप कार्यक्रम वा आंशिक रोजगारीका अवसरहरू प्रदान गर्न सकिन्छ ।
- **निजी क्षेत्र:** कम्पनीहरू, उद्योग, र व्यापारिक घरानाहरूले यस अवधारणामा विद्यार्थीहरूलाई रोजगार दिन सक्छन्। यसले उनीहरूलाई दक्ष कामदार प्राप्त गर्न पनि सहयोग पुऱ्याउँछ।
- **गैरसरकारी संस्था (NGO) र सामुदायिक संगठनहरू:** यी संस्थाहरूले पनि विभिन्न परियोजना वा कार्यक्रमहरूमा विद्यार्थीहरूलाई सामेल गराई उनीहरूको व्यावसायिक विकासमा योगदान दिन सक्छन्।

**४. मुख्य चुनौतीहरू:**

- **समय व्यवस्थापन:** पढाइ र कामलाई सन्तुलित राख्न विद्यार्थीहरूलाई चुनौतीपूर्ण हुन सक्छ। यसलाई सफल बनाउन शिक्षण संस्था र रोजगारदाताले लचिलो समयतालिका दिनुपर्दछ।
- **शैक्षिक गुणस्तरमा असर:** पढ्दै कमाउँदै गर्दा विद्यार्थीको पढाइमा असर पर्ने सम्भावना रहन्छ। यसैले शिक्षण संस्थाले विद्यार्थीको अध्ययनमा बाधा नपुऱ्याउने गरी कार्यक्रमको सञ्चालन गर्नुपर्छ।
- **न्यूनतम पारिश्रमिक:** धेरैजसो "पढ्दै कमाउँदै" कार्यक्रमहरूमा न्यून पारिश्रमिक दिइने हुँदा विद्यार्थीहरूका लागि आर्थिक समस्याहरू समाधान गर्न पर्याप्त नहुन सक्छ। यसैले न्यूनतम पारिश्रमिकलाई पनि ध्यानमा राख्नुपर्छ।

**५. सफल उदाहरणहरू:**

- **विद्यार्थीहरूका लागि बैंकहरूमा सहायक:** बैंकहरूले धेरै देशहरूमा विद्यार्थीलाई आंशिक रूपमा काउन्टर असिस्टेन्ट, ग्राहक सेवा, वा डेटा इन्ट्री जस्ता काम गर्न अवसर दिन्छन्।
- **इन्टर्नशिप कार्यक्रमहरू:** नेपालकै विभिन्न कम्पनी र अन्तर्राष्ट्रिय संस्थाहरूले पनि इन्टर्नशिप कार्यक्रममार्फत "पढ्दै कमाउँदै" अवधारणालाई सफलतापूर्वक कार्यान्वयन गरेका छन्। यसले विद्यार्थीहरूलाई रोजगार सम्बन्धी महत्वपूर्ण सीपहरू प्रदान गर्दछ।

**६. सम्भावना:**विशेष गरी ग्रामीण क्षेत्रका विद्यार्थीहरूलाई यो अवधारणाले ठूलो लाभ पुऱ्याउन सक्छ। आर्थिक समस्याका कारण पढाइ छोड्नुपर्ने अवस्था भएका विद्यार्थीहरूलाई यसले सहयोग पुऱ्याउन सक्छ। यदि स्थानीय तह, निजी क्षेत्र, र शैक्षिक संस्थाहरूले सहकार्य गरेर यसलाई लागू गर्न सक्यो भने यसले देशको आर्थिक र शैक्षिक विकासमा ठूलो योगदान पुऱ्याउन सक्छ।



Scanned with CamScanner

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

७. **निष्कर्ष:** "पढ्दै कमाउँदै" अवधारणा केवल आर्थिक रूपमा सशक्त बन्ने उपाय मात्र होइन, यो विद्यार्थीहरूको सीप र दक्षतालाई वास्तविक जीवनमा उपयोग गर्न सिकाउने सशक्त माध्यम पनि हो। यसले एकातिर विद्यार्थीहरूको आत्मविश्वास बढाउँछ भने अर्कोतिर उनीहरूको भविष्यलाई उज्यालो बनाउँछ। यस देशमा बेरोजगारीको समस्या गम्भीर छ, यस अवधारणाले दीर्घकालीन रूपमा रोजगारीका सम्भावनाहरू सिर्जना गर्न मद्दत गर्दछ। शिक्षण संस्थाहरू, निजी क्षेत्र, र सरकारको समन्वयमा यो अवधारणा सफलतापूर्वक लागू गर्न सकिने छ।

## ६.२ रणनैतिक लक्ष्यहरु ( strategies goals )

१. बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
२. सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
३. श्रोत साधनलाई एकीकृत गरी रोजगारीमा केन्द्रित गर्नु ।
४. संघीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउनु ।
५. बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित गराउनु ।
६. रोजगारीको माग र आपूर्तिको ढाँचा तयार गर्नु ।
७. लघु उद्यम विकासलाई स्वरोजगारमा केन्द्रित गराउनु ।
८. वैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परामर्शसेवा संचालन गर्नु ।
९. वैदेशिक रोजगारीबाट फर्किएका युवालाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु .
१०. कृषि बनपैदावर उद्योग तरकारी, फलफुल खेति, मसला बाली, जडीबुटी मार्फत दीगो रोजगारलाई सुनिश्चित गर्नु ।



Scanned with CamScanner

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

# खण्ड- ७

## रणनैतिक स्तम्भ/ प्रमुख रणनीति तथा कार्यनीतिहरु ( Major strategies )

### ७.१ रणनीतिक स्तम्भ

११. रणनीतिक योजनाको सोच लक्ष्य र उदेश्य प्राप्तिका लागि निम्न अनुसारका रणनीतिक स्तम्भ पहिचान गरिएको छ । रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक रणनीतिक स्तम्भ अन्तर्गत रणनीति र कार्यनीतिहरु तय गरिएको छ ।

स्तम्भ- १: आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने ।

स्तम्भ- २: बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति ।

स्तम्भ- ३: वैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको सीप र अनुभवलाई उपयोग ।

स्तम्भ- ४: रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री ।

### ७.२ रणनीति तथा कार्यनीति

| रणनीतिक स्तम्भ- १: आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ विकासका पूर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवश्यक पर्ने सीप सिकाउने र प्रयोग गर्ने। | १.१.१ रोजगार आयोजनामा खटाउनु अगाडि श्रमिकलाई आवश्यक पर्ने कला, सीप, तरिका, विधि सम्बन्धमा आवश्यक परामर्श र सीप सिकाएर मात्र न्यूनतम रोजगारीमा खटाइनेछ । |
| १.२ दीगो र उत्पादनशील | १.२.१ उत्पादन हुने खाद्यान्न बाली, मसला बाली, तरकारी |

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

| | |
|---|---|
| रोजगारीको अवसरको विस्तार गर्न स्थानीय श्रोत साधनलाई प्रयोग गर्ने । | पकेट, फलफूल खेती क्षेत्रको जमिनको छनौट,माटो परीक्षण गरी उत्पादनशील रोजगारीको ढाँचा तयार गर्ने र पशुपालन र माछा पालनका सम्बन्धमा सम्भावित अध्ययन गरी नगरभित्र रोजगारीका अवसरको खोजी गरिनेछ ।<br><br>१.२.२ उद्योग र व्यापारका क्षेत्रमा आवश्यक जनशक्तिको आपूर्तिका लागि आवश्यक सीप उपलब्ध गराइने छ। |
| रणनीतिक स्तम्भ- २:<br><br>बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति | |
| २.१ जीवनउपयोगी सीप मार्फत बेरोजगारयुवालाई रोजगार वा स्वरोजगारमा संलग्न हुन उत्प्रेरित गर्ने । | २.१.१ लघु उद्यमशील सीपलाई व्यवहारिक जीवनमा लागु गर्न सक्ने गरी बेरोजगार नागरिकलाई प्रोत्साहन गरिनेछ ।<br><br>२.१.२ बेरोजगार युवाहरूलाई जीवनोपयोगी सीप र उद्यमशीलता सम्बन्धी अभिमुखीकरण गरी उत्प्रेरित गरिने छ। |
| २.२ युवाहरुलाई सीप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने । | २.२.१ रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारित तालिम दिई दक्ष बनाउने । |
| २.३ रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने । | २.३.१ बुटवल उपमहानगरपालिका भित्रका निजी क्षेत्रका उद्योग व्यवसायी ठेकेदार होटल व्यवसायी, सहकारी, निर्माण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अभिलेख राखिने छ । |
| स्तम्भ- नं. ३<br><br>वैदेशिक रोजगारलाई उपलव्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग | |
| ३.१ वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने । | ३.१.१ वैदेशिक रोजगारमा जान चाहने इच्छुक व्यक्तिलाई आवश्यक पर्ने सीपको आँकलन गरी छोटो अवधिका सीप सिकाउनका लागि पहल गरिनेछ । |



Scanned with CamScanner

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

| | |
|---|---|
| ३.२ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिको सदुपयोग गर्ने । | ३.२.१ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिलाई अभिलेखिकरण गरी उत्पादनशील रोजगार तथा सीपका नयाँ क्षेत्रको खोजी गर्ने सदुपयोग गर्ने ।<br>३.२.२ व्यवसाय संचालनका लागि पूँजीको व्यवस्थापनका लागि बैंक वित्तीय संस्थासंग समन्वय गराउने । |
| स्तम्भ- नं.४<br>रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री | |
| ४.१ रोजगारमूलक सेवाको अभिलेख र प्रभावकारी कार्यान्वयन गर्ने। | ४.१.२ सीप विकास, सहुलियतपूर्ण कर्जा, वित्तीय साक्षरता, उद्यमशीलता, परामर्शसेवा तथा सुविधाको पहिचान र एकीकृत अभिलेख राखिनेछ ।<br>४.१.३ संघ प्रदेशका श्रम तथा रोजगार सम्वन्धी नीतिगत र कानूनी व्यवस्थाहरु प्रभावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाउने। |

स्तम्भ नं. १

आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने

रणनीति १.१ विकासका पूर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवश्यक पर्ने सीप सिकाउने र प्रयोग गर्ने।

कार्यनीति १.१.१ रोजगार आयोजनामा खटाउनु अगाडि श्रमिकलाई आवश्यक पर्ने कला, सीप, तरिका, विधि सम्बन्धमा आवश्यक परार्मश र सीप सिकाएर मात्र न्यूनतम रोजगारीमा खटाइनेछ ।

| क्र.सं | क्रियाकलाप व कार्यक्रम | जिम्मेवारी निकाय/ शाखा | सहायक निकाय/ शाखा | समयावधि | कार्यसम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|---|
| १.१.१.१ | रोजगार आयोजनाको छनौट र कार्यान्वयन | रोसेके | प्राविधिक शाखा योजना शाखा | ४ महिना भित्र | आयोजना छनौट भएको | |
| १.१.१.२ | रोजगार आयोजनाको प्रकृति र श्रमिकको क्षमता हेरेर परार्मश र सीप सिकाउने | रोसेके प्राविधिक शाखा | योजना शाखा, शिक्षा शाखा | बढीमा ७ दिन | मर्यादित कामको गुणस्तर देखिने | |

रणनीति १.२ दीगो र उत्पादनशील रोजगारीको अवसरको विस्तार गर्न स्थानीय श्रोत साधनलाई प्रयोग गर्ने

कार्यनीति १.२.१ उत्पादन हुने खाद्यान्न बाली मसलाबाली तरकारी पकेट क्षेत्रको जमिनको परीक्षण गरी उत्पादनशील रोजगारीको ढाँचा तयार गर्ने ।

| क्र.सं | क्रियाकलाप व कार्यक्रम | जिम्मेवारी निकाय/ शाखा | सहायक निकाय/ शाखा | समयावधि | कार्यसम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|---|
| १.२.१.१ | सम्भावित उत्पादन हुने खेतिको र जमिन छनौट गर्ने । | रोसेके | कृषि शाखा | १५ दिन | जमिनको छनौट भएको | |
| १.२.१.२ | उत्पादनशील रोजगारीको ढाँचाका लागि जमिन मालिक र श्रमिकवीच सहयोगात्मक भावना विकास गर्न छलफल अन्तरक्रिया गर्ने । | रोसेके | कृषि शाखा ,श्रमिक समुह जमिनमालिक | ७ दिन | जमिनवाला र श्रमिक वीच समझदारी कायम भएको | |



Scanned with CamScanner

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.२.१.३ | खालि भएका जमिनमा तत्काल उत्पादन गर्न नसकिने स्थानको पहिचान गरी फलफूल, जडीबुटी खेतीको पहल गर्ने | रोसेके | कृषि शाखा ,श्रमिक समुह जमिन मालिक | १० दिन | उत्पादन हुने फलफुल खेतीको | |
| १.२.१.४ | १०० दिन भित्र उत्पादन भएका बस्तुको बजारीकरणका लागि रुपरेखा तयार गर्ने । | रोसेके | कृषि शाखा ,श्रमिक समुह, बजार व्यवस्थापक | १५ दिन | उत्पादन भएका बस्तु बजारमा गएको हुनेछ। | |
| १.२.१.५ | सूचिकृत बेरोजगारलाई पशुपालन माछा पालन सेवामा आवद्ध हुने बातावरण तयार गर्न आवश्यक पहल गर्ने | रोसेके पशुशाखा | कृषि शाखा ,श्रमिक समुह, बजार व्यवस्थापक | ३० दिन | दुध र मासुको व्यापार भएको हुने | |
| स्तम्भ नं. २<br><br>बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति | | | | | | |
| रणनीति २.१ जीवन उपयोगी सीप मार्फत बेरोजगार युवालाई रोजगार वा स्वरोजगारमा संलग्न हुन उत्प्रेरित गर्ने । | | | | | | |
| कार्यनीति २.१.१ लघु उद्यमशिल सीपलाई व्यवहारिक जीवनमा लागु गर्न सक्ने गरी बेरोजगार नागरिकलाई प्रोत्साहन गरिनेछ । | | | | | | |
| २.१.१.१ | स्थानीय श्रोत साधनको | रोसेके | सरोकारवा | १५ दिन | उद्यमशिल | |



Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रयोग गरी उद्यमशीलताका कार्यक्रम संचालन गर्ने | | ला सबै | | तालिम प्राप्त संख्या तयार | |
| २.१.१.२ | उद्यमशिलताका उत्पादित वस्तुको बजारीकरण गर्ने | रोसेके | सरोकारवाला सबै | ६ महिना | आय श्रोत बढेको | |
| रणनीति २.२ युवाहरुलाई सीप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने | | | | | | |
| कार्यनीति २.२.१ रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारित तालिम दिइ दक्ष बनाउने । | | | | | | |
| २.२.२ | रोजगारका आयोजनामा संलग्न श्रमिकको अनुभव र सीपलाई अभिलेख राख्ने | रोसेके | तालिम प्रदायक निकाय | ३० दिन | सीप र अनुभव अभिलेखबाट संख्या | |
| रणनीति २.३ रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने । | | | | | | |
| कार्यनीति २.३.१ उपमहानगरपालिका भित्रका निजी क्षेत्रका उद्योग व्यवसायी ठेकेदार होटल व्यवसायी सहकारी निर्माण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अभिलेख राखिने । | | | | | | |
| २.२.१ | बेरोजगार युवाहरुलाई न्यूनतम पारिश्रमिक दिई रोजगार दिएका रोजगारदाता र श्रमिकको अभिलेख राखेर रोजगारदातामा सिर्जना हुन सक्ने रोजगार सम्वन्धी सूचनाको आँकलन गर्ने । | रोसेके | सरोकारवाला सबै | १५ दिन | रोजगारदाताको विवरण प्राप्त | |
| २.२.२ | रोजगार सेवा केन्द्रबाट श्रमिक माग गरी कम्तीमा १०० दिनको | रोसेके | सरोकारवाला सबै | १ दिन | सम्मान गर्ने कार्यक्रम भएको हुने र | |

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रोजगारी दिएमा त्यस्ता रोजगारदातालाई वर्षको एक पटक पुरस्कार सहित सम्मान गर्ने। श्रमिक र सीपको अभिलेख तयार गर्ने | | | | श्रमिक र सीपको विवरण प्राप्त | |
| स्तम्भ नं. ३<br>बैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग | | | | | | |
| रणनीति ३.१ बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सम्वन्धित निकायसँग समन्वय गर्ने । | | | | | | |
| कार्यनीति ३.१.१ बैदेशिक रोजगारमा जान चाहने इच्छुक व्यक्तिलाई आवश्यक पर्ने सीपको आँकलन गरी छोटो अवधिका सीप सिकाउनका लागि पहल गरिनेछ । | | | | | | |
| ३.१.१.१ | सीपको आधार तयार गरि बैदेशिक रोजगारमा जाने व्यक्तिलाई बिदेशमा आउन सक्ने समस्यालाई समाधान गर्न सक्ने बनाउने | रोसेके | शिक्षा शाखा, तालिम प्रदायक निकाय | १५ दिन | बैदेशिक रोजगारीमा प्रतिस्पर्धी भएर सफल भएको | |
| ३.१.१.२ | बैदेशिक रोजगारीमा जाने व्यक्तिलाई परामर्श र अभिमुखिकरण गर्ने | रोसेके | तालिम प्रदायक निकाय | ७ दिन | देश र पेशाका बारेमा जानकार भएको | |
| रणनीति ३.२ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिको सदुपयोग गर्ने | | | | | | |
| कार्यनीति ३.२.१ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिलाई अभिलेखिकरण गरी उत्पादनशील रोजगार तथा सीपका नया क्षेत्रको खोजी गर्ने सदुपयोग गर्ने | | | | | | |
| ३.२.१.१ | बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको | रोसेके | शिक्षा शाखा | १५ दिन | बैदेशिक रोजगारीबाट | |

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विवरण तयार अद्यावधिक गर्ने । | | | | फर्केका विवरण प्राप्त हुने | |
| स्तम्भ नं.-४<br>रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री | | | | | | |
| रणनीति ४.१ रोजगारमूलक सेवाको अभिलेख र प्रभावकारी कार्यान्वयन गर्ने | | | | | | |
| कार्यनीति ४.१.२ सीप विकास, सहुलियतपूर्ण कर्जा, वित्तीय साक्षरता, उद्यमशीलता, परार्मशसेवा तथा सुविधाको पहिचान र एकीकृत अभिलेखलाई रोजगारमैत्री बनाइनेछ । | | | | | | |
| ४.१.२.३ | रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिलाई रोजगार तथा स्वरोजगार हुन आवश्यक पर्ने सेवा उपलब्धि गराउने | रोसेके | निजी क्षेत्र | २ महिना | एकीकृत सेवा पाएका हुने | |
| ४.१.२.४ | संघ प्रदेशका श्रम तथा रोजगार सम्बन्धी नीतिगत र कानूनी व्यवस्थाहरु प्रभावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाउने । | रोसेके | सरोकारवाला निकाय सबै | ६ महिना | श्रोत साधनलाई रोजगारमा केन्द्रित भएको | |

## ७.२ समन्वय तथा सहकार्य

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहतका निकाय, प्रदेश तथा उपमहानगरपालिकाका सरोकारवाला निकाय, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, निर्माण व्यवसायी, उद्योगी व्यवसायी लगायतका आम सरोकारवाला व्यक्ति तथा निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## खण्ड- ८

# पाँच वर्षको रणनैतिक कार्ययोजना ( Strategic Action Plan)

## बुटवल उपमहानगरपालिकाको रोजगार रणनीतिक कार्यान्वयन कार्ययोजना

### नतिजा खाका

| नतिजा सूचक | इकाई | आधार तथ्याङ्क | लक्ष्य ( आ.ब ) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| न्यूनतम रोजगारीमा संलग्न व्यक्ति | जना | २०० | २५० | ३५० | ४५० | ५०० | ६०० |
| पूर्वाधार विकासमा संलग्न तर्फ | जना | ५०० | ७०० | ८५० | १००० | ११५० | १२०० |
| उत्पादनशील रोजगारीमा संलगन तर्फ | जना | १०० | १२५ | १५० | २०० | २२५ | २५० |
| रोजगार आयोजनामा सीप पाएको जनशक्ति संलग्न | जना | १०० | १२५ | १५० | २०० | २५० | ३०० |
| उत्पादनशील र दीगो रोजगारी स्थान छनौट कृषि तर्फ | ठाँउ | ० | ३ | ५ | ७ | ८ | ९ |
| न्यूनतम रोजगारमा आवद्ध हुने श्रमिकलाई परार्मश सीप | जना | ० | १०० | १८० | २०० | २१० | ३०० |



प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विकासक पुर्वाधार तर्फ | | | | | | | |
| उत्पादन तरकारी तर्फ न्यूनतम रोजगारीमा संलग्न लाई सीप | जना | ० | ५० | १०० | २५० | २९० | ३०० |
| मसलाबाली तर्फकोमा रोजगारी | जना | ० | २० | ३० | ५० | ८० | १०० |
| जडीबुटि तर्फ रोजगारी | जना | ० | १० | २० | ३० | ४० | ८० |
| पशुपालन तर्फ रोजगारी | जना | ३० | ५० | ६० | ७० | ८० | १०० |
| उत्पादनशील रोजगार श्रमिक समुह गठन कृषि तर्फ | वटा | ० | ३ | ४ | ५ | ६ | ७ |
| उत्पादनशील रोजगार श्रमिक समुह गठन पशुपालन तर्फ | वटा | ० | ३ | ४ | ५ | ६ | ७ |
| रोजगारदाता विवरण | संख्या | ३०० | ३५० | ४०० | ४५० | ५०० | ६०० |
| उद्यमशीलता विकास तर्फ सीप विकास | संख्या | १००० | ११०० | १२०० | १३०० | १४०० | १५०० |
| कार्यस्थलमा आधारित तालिम | जना | ० | ४० | ६० | ८० | १०० | २०० |



Scanned with CamScanner

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
...नी प्रदेश, नेपाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पाउने संख्या | | | | | | | |
| | रोजगारदाताको सम्मान | जना | ० | ५ | १० | १५ | २० | २५ |
| | वैदेशिक रोजगारमा आवश्यक पर्ने सीपको पहिचान र छोटो अवधिको सीप सिकाउन | 0 | जना | ५० | १३० | १८० | २०० | २५० |
| | वैदेशिक परार्मश र अभिमुखिकरण | पटक | ३ | ४ | ५ | ६ | ६ | ६ |
| | वैदेशिक रोजगारीमा गएको विवरण | जना | ९००० | १०००० | ११००० | १२००० | १३००० | १४००० |
| | वैदेशिक रोजगारीबाट फर्केकाको संकलन विवरण | जना | ३००० | ३५०० | ४००० | ४५०० | ५००० | ५५०० |
| २१ | सहुलियतपूर्ण कर्जा लिने संख्या | जना | १० | १२ | १५ | १८ | २० | २५ |
| २२ | वित्तीय साक्षरता | जना | ४६० | १२० | १४० | १६० | १८० | २०० |
| २३ | उद्यमशीलता | जना | २०० | १०० | १५० | २०० | २५० | ३०० |
| २४ | स्वरोजगार तर्फ | जना | १०० | १०० | १२५ | १३० | १४० | १५० |

## खण्ड – ९

श्रोत परिचालन र बजेट व्यवस्थापन( Resource Mobilizations and Budget management)



प्रमुख प्रशासकीय अधिकृत

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही

बुटवल उपमहानगरपालिकाको वार्षिक नीति कार्यक्रम र बजेट तर्जुमा गर्दा रणनीति योजनामा आधारित भई तर्जुमा गरिनेछ ।रणनीतिक योजनाको कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोतसाधन वार्षिक बजेट तथा कार्यक्रम मार्फत नियमित रुपमा प्रस्ताव गरिनेछ। आवश्यकता अनुसार विकास साझेदारसँग समेत आर्थिक श्रोत व्यवस्थापनको लागि सहकार्य गरिनेछ । रणनीतिक योजनाको स्तम्भ अनुसार अनुमानित श्रोत देहाय बमोजिम प्रक्षेपण गरिएको छ ।

| रणनीतिक स्तम्भ | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| स्तम्भ- १: आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने । | ३० लाख | ५० लाख | ७० लाख | ८० लाख | १ करोड |
| रणनीतिक स्तम्भ- २: बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति | २० लाख | ४० लाख | ५० लाख करोड | ७०लाख | १ करोड |
| स्तम्भ- नं. ३ वैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग | २५ लाख | ५० लाख | ७० लाख | ८० लाख | १ करोड |
| स्तम्भ- नं. ४ रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री | ३० लाख | ५० लाख | ७० लाख | ८० लाख | १ करोड |

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

# खण्ड – १०

## रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था ( Steering Committee Monitoring and Evaluation )

### १०.१ रणनीति कार्यान्वयन निर्देशक समिति:

यस बुटवल उपमहानगरपालिकाको ५ वर्षे रोजगार रणनीति योजनालाई आवश्यक समन्वय, निर्देशन, अनुगमन, मूल्याङ्कन गर्न तथा प्रभावकारी रणनीति कार्यान्वयन गर्न स्थानीय तहमा देहाय बमोजिमको रणनीति कार्यान्वयन निर्देशक समिति रहनेछ।

(क) नगरप्रमुख बुटवलउपमहानगरपालिका- अध्यक्ष

(ख)उपप्रमुख बुटवलउपमहानगरपालिका -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ)उपमहानगरपालिका प्रमुखले तोकेका वडा अध्यक्ष दुई जना- सदस्य

(ङ)आर्थिक विकास समितिका संयोजक एक जना - सदस्य

(च)सम्वन्धित महाशाखा प्रमुख -सदस्य

(छ)उद्योग वाणिज्य क्षेत्रका संस्थाहरूमध्ये प्रमुखले तोकेको प्रतिनिधि १ जना -सदस्य

(ज) प्रमुखले तोकेको ट्रेड युनियनको प्रतिनिधि सदस्य १ जना -सदस्य

(झ) रोजगार संयोजक -सदस्य सचिव

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र रहेका रोजगारदाताहरुमध्ये आमन्त्रण गर्न सकिनेछ ।

### १०.२ रणनीति कार्यान्वयन निर्देशक समितिको काम कर्तव्य र अधिकार:

(क) रणनीतिक उद्देश्य हासिल गर्न तय गरेको कार्ययोजना अनुरुप आवश्यक वजेट विनियोजनका लागि नगरसभालाई सिफारिस गर्ने ।

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

(ख) स्थानीय तहभित्र रहेका रोजगारीका अवसर तथा सम्भावनाहरुको पहिचान गर्ने र कार्यान्वयन गर्ने।

(ग) बेरोजगारको समस्यालाई दीगो वा दीर्घकालीन रुपमा समाधान गर्न रोजगारी रणनीति योजनालाई प्रभावकारी कार्यान्वयन गर्न पहल गर्ने ।

(घ) रणनीति कार्यान्वयनबाट अपेक्षित उपलब्धि तथा प्रतिफल प्राप्त भए नभएको पटक/पटक समीक्षा गर्ने तथा प्रभावकारी बनाउन स्थानीय तहको बजेट निर्माण गर्नु पूर्व वार्षिक समीक्षा तथा मूल्यांङ्कन गरी आवश्यक सुझाव दिने ।

(ङ) श्रम बजारको माग बमोजिमको रोजगारमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक समन्वय र सहकार्य गर्ने ।

(च) सरकारी तथा गैरसरकारी निकायसँग रोजगारी सृजना सम्बन्धी आवश्यक सहकार्य समन्वय गर्ने ।

(छ) रणनीति कार्यान्वयन गर्न आवश्यक श्रोत साधनको व्यवस्थापन गर्ने ।

(ज) निजी क्षेत्रसँगको सहकार्यमा सूचिकृत बेरोजगार श्रमिक माग गर्ने रोजगारदातालाई सम्मान गर्ने

## खण्ड- ११

## जोखिम व्यवस्थापन ( Risk Management)

रोजगार रणनीति कार्यान्वयनको क्रममा आउन सक्ने जोखिम पहिचान गरी देहाय बमोजिम उल्लेख गरिएकोछ ।

क) श्रोत व्यवस्थापन,

ख) सरकारी गैरसरकारी र निजी क्षेत्र बीच प्रभावकारी समन्वय,

ग) रोजगारी सम्बन्धी स्थानीय सरकारको अपनत्व,

घ) शाखागत समन्वय,

ङ) सरोकारवालाहरु निकायको दृष्टिकोण,

च) प्रदेश र स्थानीय तहमा समन्वय ।

२०७१।०५



Scanned with CamScanner